# वातावरण संरक्षणका लागी बाल तथा युवा सरोकार सम्बन्धि

# तालिम सहजीकरण पुस्तिका

**ए आर डि काभ्रे** **टि डि यच जर्मनी**

लेखन तथा सम्पादनः **अमृत देवकोटा**

**हरिवोल आचार्य**

भाषा सम्पादनः

सम्पादन सल्लाहकारः **मोनी श्रेष्ठ (नेपाल प्रमुख, टि डि एच जर्मनी)**

**डि एन तिमल्सिना** (ए आर डि, नेपाल)

सम्पादन सहयोगीः

प्रकाशन प्रतिः १०००

डिजाइनः

**यस पुस्तकको बारेमा**

बालबालिका र युवा हाम्रो समाजका विशेष उमेर समूह र अभिन्न हुन् । राज्यलाई समुन्नति र दिगो विकासको लक्ष्यमा अग्रसर गराउन बाल्यावस्थामा विशेष ध्यान पुऱ्याउन जरुरी हुन्छ । यसै सन्दर्भमा बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघको महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ नोभेम्बर २० मा पारित भयो । जसलाई नेपालले १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरी आफ्नो प्रतिबद्धता जनायो । २०७२ सालमा जारी भएको नेपालको संविधानले पनि पहिलोपटक बाल अधिकारलाई मौलिकहकको रूपमा अङ्गिकार गरेको छ भने बालबालिका सम्बन्धि ऐन २०७५ ले बालबालिकाको आधारभूत अधिकार प्रत्याभूत गरेको छ। त्यसैगरी राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन २०२५ ले नेपालका युवालाई सबल, सक्षम, प्रतिस्पर्धि र आत्मनिर्भर बनाउँदै उनीहरुको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत आधुनिक, न्यायपूर्ण, र समृद्ध नेपाल निर्माणको लागि युवावर्गको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । यसै सन्दर्भमा संयुक्त राष्ट्र संघ युथ काउन्सिलको आफ्नो अंगको रुपमा स्थापना गर्ने निर्णय गरेको छ । नेपाल सरकारले राष्ट्रिय युवा परिषद ऐन मार्फत राष्ट्रिय युवा परिषद गठन गरी युवाका सवाललाई मूलप्रवाहिकृत गर्दै आएको छ ।

वातावरणीय ह्रास र जलवायु परिवर्तनका कारण सामाजिक, आर्थिक, साँस्कृतिक, भौगिलिक तथा भौतिक प्रणालीमा नकारात्मक असर पुर्याइरहेको सन्दर्भमा वस्नयोग्य, अनुकूल र सुरक्षित वातावरणको उपयोग गर्न पाउनु बालबालिका तथा युवाको संविधान प्रदत्त अधिकार पनि हो । राष्ट्रिय वातावरणीय सवालहरुलाई व्यवस्थित, संस्थागत र कानुनी दायरामा समेट्ने उद्देश्यले नेपाल सरकारले वातावरण संरक्षण ऐन २०७६, सो को नियामावली २०७७, राष्ट्रिय जलवायु नीति २०७६ लगायतका कानुनी प्रावधान कार्यन्वयन गरीरहेको छ ।

विविधतायुक्त नेपाली समाजका बालबालिका र युवाहरुले परिवार, समुदाय, स्थानीय तह हुँदै राष्ट्रिय र अन्तराष्ट्रियस्तरसम्म आफ्ना जलबायु र वातावरणका मुद्दाहरुलाई स्पष्ट र मुखरित रुपमा उठाउन सकुन भन्नाका खातिर यो सहजिकरण पुस्तिका तयार गरिएको छ । यस पुस्तकको अर्को उद्देश्य युवा तथा वालबालिकाले आफ्नो वातावरणीय अधिकारका साथै वातावरण संरक्षणमा उनीहरुको दायित्ववोध गरी समुदायलाई वातावरणमैत्री र दिगो विकासको मार्गतर्फ अग्रसरित गराउन भन्ने रहेको छ ।

पुस्तक तयार गर्ने क्रममा लेखन कार्य गर्नुहुने अमृत देवकोटा र हरिवोल आचार्यप्रति हार्दिक आभार व्यक्त गर्दछौं । पुस्तकको तयारीका क्रममा महङ्खवपूर्ण योगदान पुऱ्याउनुहुने, भाषा सम्पादनका दृष्टिकोणबाट सहयोग गर्नु हुने ..............., पुस्तक सम्पादनलाई सुझाव प्रदान गर्ने ए आर डि नेपालका डालानाथ तिमल्सिना, टि डि एच जर्मनीका मोनी श्रेष्ट प्रकाशनका क्रममा सल्लाह सुझाव तथा सहयोग गर्नुहुने लगायत यस पुस्तकको प्रकाशनका क्रममा योगदान गर्नुहुने सबैप्रति विशेष आभार तथा धन्यवाद व्यक्त गर्दछौं । यो पुस्तिकाले वातावरण संरक्षणको क्षेत्रमा युवा र बालबालिकाको सक्रिय योगदान स्थापित गर्न यस पुस्तिकाले सकारात्मक योगदान पुग्ने अपेक्षा गर्दै यहाँको सुझावलाई यस मञ्चले सधै आत्मसाथ गर्दै अगाडि बढ्ने विश्वास दिलाउन चाहन्छौं ।

**सत्रहरूको बारेमा**

यस पुस्तक बालबालिका र युवा केन्द्रित वातावरण संरक्षण र जलवायु परीवर्तन सम्बन्धि तालीम सहजीकरण गर्ने सहजकर्ताहरूका लागि तयार गरिएको छ । यस पुस्तिकामा सकेसम्म सरल र बुझिने किसिमको भाषाशैली प्रयोग गर्ने प्रयास गरिएकोछ ।

यस पुस्तकमा ३ वटा खण्डहरू रहेका छन् ।

**१) औपचारिक सुरुवात**

यस खण्डमा तालीमको मुख्य विषयवस्तुमा प्रवेश गर्नुपूर्व सहभागीहरूलाई सहज वातावरण सिर्जना गर्नका लागि तयार गरिएको छ । यस खण्डमा सहभागीहरूले एक अर्कासँग परिचित हुने, तालीमको विधि, समय, उद्देश्य, आचारसंहिता, व्यवस्थापन लगायतका बारेमा जानकारी लिनेछन् ।

**२) विषय प्रवेश**

यस खण्डमा तालीमको मुख्य छलफल गर्नुपर्ने विषयवस्तुहरू समावेश गरिएको छ । यो खण्ड आफैंमा लामो र मुख्य विषयवस्तुमा केन्द्रित हुने हुँदा सहभागिहरूले छलफलका विषयमा विषेश ध्यान दिन जरुरी छ ।

**३) औपचारिक समापन**

यस खण्डमा तालीममा भएका सिकाइहरूको संक्षेपीकरण गरी तालीमको प्रभावकारीता बारे छलफल गर्ने गरिन्छ । साथै सहभागीहरूको सुझाव र प्रतिक्रिया पनि यसै खण्डमा लिइने छ ।

**सत्रहरू**

यस पुस्तिकामा सत्रहरूलाई उद्देश्य, अपेक्षित उपलब्धि, समय, पूर्व तयारी, आवश्यक सामग्री, क्रियाकलाप र सन्दर्भ सामग्री गरी विभाजन गरिएको छ ।

तालीम सञ्चालनको विधिलाई क्रियाकलाप अन्तर्गत वर्णन गरिएको छ भने छलफलका क्रममा छुटाउन नहुने विषयवस्तुलाई सन्दर्भ सामग्री अन्तर्गत राखिएको छ ।

पूर्व तयारी

**क. तालीम आयोजकः**

१. होटलमा बालश्रम नभएको सुनिश्चितता

२. समावेशी र सुरक्षित सहभागिताको सुनिश्चितता

३. विपद् जोखिम पूर्व तयारी सम्बन्धी सहभागीहरूलाई जानकारी गराइएको,

४. सहभागीहरूको आपतकालीन सम्पर्क जानकारी,

५. स्यानीटरी प्याड सहितको प्राथमिक उपचार बक्स ।

६. वातावरणमैत्री तथा विपद् जोखिम प्रतिरोधी संरचना भएको स्थान ।

**ख. सहजकर्ता**

१.सन्दर्भ सामग्रीहरूको अध्ययन र संकलन

२. सत्र अनुसारका पूर्व तयारी

३.तालीम व्यवस्थापनलाई सहयोग र समन्वय

**सहजीकरण सिप**

सहजीकरण भन्नाले कुनै पनि विषयवस्तुमा सहभागीहरू बीच सहज वातावरणको सिर्जना गरी छलफल चलाउने वा सिक्ने सिकाउने प्रकृयालाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सहयोग पुऱ्याउने प्रक्रिया हो । यो एउटा सीप पनि हो जुन गरेर मात्र सिक्न सकिन्छ । सहजीकरणको क्रममा सहजकर्ताले सहभागीहरूलाई विषयवस्तुमा छलफल गर्न, निचोड निकाल्न तथा समस्या समाधान गर्न सहयोग पुऱ्याउँछ ।

विश्वास तथा खुल्लापनको वातावरणको सिर्जना गर्नु ।

विषयवस्तु प्रवेसः हरेक पाठलाई रोचक र सहभागी केन्द्रित बनाएर लैजानका लागि विषयवस्तुसँग सान्दर्भिक हुने खेल, भूमिका अभिनय, गीत, चुट्किला, लघुकथा, कार्टुन, तस्वीर, चित्रकला (रोचक प्रसंग) आदिको प्रयोग गर्ने जसले गर्दा सहभागीको ध्यान सजिलै विषयवस्तुतर्फ तानियोस् । त्यसको लगत्तै रोचक प्रसंगसँग विषयवस्तुलाई लिङ्क गरी प्रस्तुतीकरण अघि बढाउने ।

विस्तृत क्रियाकलापः यो खण्ड पाठ योजनाको मुख्य भाग हो र सबै भन्दा धेरै समय सहजकर्ताले यहीं खर्चनु पर्दछ । हरेक शीर्षक र त्यस अन्तर्गतका उपशीर्षकहरूमा सिलसिलाबद्ध ढंगले विस्तृत क्रियाकलाप अघि बढाउने ।

संक्षेपीकरणः सहभागीहरूलाई हरेक पाठमा छलफल भएका विषयवस्तुहरूमा तुरुन्त पूनरावलोक गर्न सजिलो होस् भनी सहजकर्ताले आफूले प्रस्तुत गरेका विषयहरूको सार निकाल्न ...........

वुझाइ परीक्षणः सहजकर्ताले हरेक शत्रको अन्त्यमा सहभागीले बुझे नबुझेको चेक गर्नु पर्ने हुन्छ ।

**असल सहजकर्ताका गुणहरू**

अवलोकनः सहजकर्ताले सबै सहभागीहरूको सक्रिय सहभागिता र सहज उपस्थिति सुनिश्चित गरी सहभागीहरूको गतिविधि र चासोका विषयलाई परिपालना गर्नु ।

श्रवणः सहभागीहरूको विचार तथा प्रतिक्रियालाई सुनेर आवश्यक सम्बोधन गर्ने प्रयास गर्नु ।

प्रश्न गर्ने सीपः सहभागीहरूलाई सहज र चाखलाग्दो तथा सम्मानजनक किसिमले प्रश्न सोध्नु

प्रस्तुतीकरणः समय, गति, ध्वनिको स्तर आदिको सामञ्जस्यताका साथ विषयवस्तुलाई सरल ढङ्गले प्रस्तुत गर्नु ।

भाषाः सहभागी स्तर, परिवेश र उमेर समूह अनुसार उपयुक्त हुने बुझ्न सरल हुने भाषाशैलीको प्रयोग गर्नु ।

व्यक्तित्व र हाउभाउः परिवेश सुहाउँदो पहिरन, आत्मविश्वासी व्यक्तित्व र विषयवस्तु अनुकूल हाउभाउ गर्नु ।

प्रशंसनीय प्रतिक्रियाः सहभागीको विचार तथा जिज्ञासामा धैर्यताका साथ प्रशंसनीय प्रतिक्रिया दिनु ।

समयः समयमा सत्र सुरु गरी समयमानै सक्नु ।

विषयकेन्द्रितः छलफलमा हुने/हुन सक्ने विषयान्तरलाई न्यूनीकरण गर्दै विषयकेन्द्रित छलफल गर्नु।

| **सहजीकरण के हो ?** | **सहजकरण के होइन ?** |
|---|---|
| प्रश्नमाथि छलफल गर्नु ? | छलफल नगरी आफैं उत्तर दिनु । |

| | |
|---|---|
| समस्या समाधान गर्न सहयोग गर्नु । | आफैं समस्या समाधान गरिदिनु । |
| विकल्पको खोजी गर्न सहयोग गर्नु । | सिकाई दिनु,, समस्याहरूको विकल्प बताईदिनु । |
| सबैले प्रयास गरेमा नजान्ने भन्ने केहि छैन भन्ने विचार राख्नु । | मलाई मात्र थाहा छ भन्ने सोच राख्नु । |
| अरुको विचारको आदर, प्रसंसा गर्नु । | अरुको विचारलाई हतोत्साही गर्नु । |
| निचोड÷सारांस निकाल्न सहजीकरण गर्नु । | आफैं निर्णय वा निचोड दिनु । |

## विषयसूची


सत्र १: उदघाटन परिचय, अपेक्षा संकलन र विषयवस्तुहरू ........ 11

सत्र २: प्रशिक्षणका नियम र आचारसंहिता ........ 15

सत्रः ३ पूर्व परीक्षण ........ 17

सत्रः ४ युवा र बालबालिकाको सवाल ........ 20

सत्र ५ वातावरण र जलवायु ........ 27

सत्र ६ नीतिगत व्यवस्था ........ 31

सत्र ७ वातावरणीय ह्रास र जलवायु परिवर्तन ........ 36

सत्र ८ वातावरणीय अधिकार र जलवायु न्याय ........ 46

सत्र ९ वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्युनिकरणका उपायहरु ........ 51

सत्र १० वातावरण केन्द्रित योजना तर्जुमा प्रकृयामा युवा तथा वालसहभागिता ........ 57

सत्र ११ हाम्रो भूमिका ........ 59

सत्र १२ कार्ययोजना ........ 64

सत्र १३ तालिम पश्चातको परीक्षण ........ 65

सत्र १४ समग्र तालीमको पुनरावलोकन तथा मूल्याङ्कन र समापन ........ 66

सन्दर्भ सामग्री सूची ........ 68

# खण्ड क

# प्रशिक्षण औपचारिकता

# सत्र

## सत्र १ः उदघाटन परिचय, अपेक्षा संकलन र विषयवस्तुहरू

**समयः** ४५ मिनेट

**उद्देश्यः** सहभागीहरूमाझ परिचय गराई सहज र मैत्रीपूर्ण वातावरण बनाउनु । प्रशिक्षणमा सहभागीहरूको अपेक्षा र तय गरिएका विषयहरूका बारेमा स्पष्ट पार्नु,

अपेक्षीत उपलब्धिः सहभागीहरू एकआपसमा परिचित भई सक्रिय सहभागिताका लागि तयार हुनेछन् । सहभागीहरू प्रशिक्षणका उद्देश्य, विषयबस्तुको बारेमा स्पष्ट हुनेछन् ।

**पूर्वतयारीः** सहजकर्ताले ह्यूम्यान बिंगो खेलका लागि आवश्यक सबै सहभागीहरूलाई पुग्ने गरेर प्रिन्ट गरेर राख्नुपर्छ ।

**आवश्यक सामग्रीः** ह्युम्यान बिंगो खेलको हातेपत्र

**विधिः** ह्युम्यान बिंगो खेल, अन्तक्रियात्मक प्रस्तुति

**क्रियाकलापहरूः**

- आयोजकले कार्यक्रमको औपचारिक उद्घाटन गर्न सक्नेछन् । उद्घाटन सत्रले समग्र प्रशिक्षणमा प्रारम्भिक छाप पर्नेहुँदा छोटो, प्रभावकारी होस् भन्ने कुरामा सचेत हुनुपर्छ ।
- उद्घाटन सत्रमा हुने औपचारिक कार्यक्रममा कार्यक्रमको औपचारिक उद्घाटन, स्वागत मन्तव्य पछि आयोजकले कार्यक्रमको औचित्य तथा सान्दर्भिकता बारे प्रकाश पार्नुपर्छ ।
- अन्त्यमा अतिथिको शुभकामना पछि आयोजकले औपचारिक सत्रको अन्त्य गर्दै प्रशिक्षण सञ्चालनका लागि सहजकर्तालाई सत्र हस्तान्तरण गर्नुपर्छ ।
- सहजकर्ताले सबै सहभागीलाई स्वागत् गर्दै प्रशिक्षण कार्यक्रम सुरु गर्नलागेको जानकारी दिने ।
- सहभागीहरू सबैले एक अर्कालाई चिन्दछौं त ? भनेर सहभागीलाई प्रश्न गर्ने र सबै सहभागीले एक अर्कालाई चिन्नका लागि एक नयाँ विधिबाट परिचय गर्ने जानकारी गराउने ।

- ह्युम्यान बिंगो खेलको नियम बताउँदै यस खेलका लागि प्रत्येक सहभागिलाई एकएक वटा बिंगो प्रश्नपत्र वितरण गर्ने र अधिकतम १० मिनेटको समयमा उक्त प्रश्नमा भएका साथीहरूको खोजी गर्न अनुरोध गर्ने ।
- यसरी खेल खेल्दा सहजकर्ता र आयोजक, प्रतिनिधि पनि सहभागी हुँदा झनै राम्रो हुन्छ ।
- सहभागीहरूलाई हातेपत्र वितरण गर्नुहोस् र हातेपत्र सबै सहभागीहरूलाई एक पटक पढ्नको लागि अनुरोध गर्नुहोस् ।
- सहभागीले कुनै वाक्य नबुझेमा बुझाइदिनुहोस् ।
- अब सहभागीहरूलाई हातेपत्रमा भने जस्तै कुरा मिल्ने साथी भेटाउनको निमित्त भन्नुहोस् । जस्तैः एउटा साथीको नाम एकपटक मात्र लेख्न पाइने पनि बताउनुहोस् ।
- सहभागीहरूलाई आफ्नो ठाउँबाट उठेर साथी खोज्नको लागि भन्नुहोस् । जसले सबै भनाइमा मिल्ने साथीहरू भेटाउँछ उसले बिन्गो भनेर ठूलो स्वरले कराउन भन्नुहोस् ।
- बिंगो खेलमा प्रथम हुनेबाट परिचय शुरु गर्दै उसको अपेक्षा बताउने र आफ्नो प्रश्नमा उल्लेख भएका साथीहरूलाई पालैपालो अगाडि बोलाइ परिचय दिन र अपेक्षा भन्न लगाउने । सबै जनाको परिचय नसकिएसम्म बिंगो खेलमा जितेका आधारमा यही क्रम निरन्तरता दिने ।
- सहजकर्ताले सहभागीहरूले भनेका अपेक्षाहरूलाई न्यूजप्रिन्टमा टिप्दै जाने ।
- सहजकर्ताले यस तालीमको उद्देश्य र विषयबस्तुहरूबारे सङ्क्षिप्तमा बताउँदै समेट्न नसकिएका विषयहरूका बारेमा जानकारी दिने ।
- अन्तमा धन्यबाद सहित सत्र समापन गर्ने ।

**सन्दर्भ सामाग्रीः**

**सन्दर्भ सामाग्रीः १**

| नामः | |
|---|---|
| (कृपया एउटा साथीको नाम एकपटक मात्र लेख्नुहोला ।) | |
| भनाईहरु | साथीको नाम |

| | |
|---|---|
| मलाई वातावरण दिवश कहिले पर्छ भन्ने थाह छ । | |
| मेरो जन्मदिन असारमा पर्छ । | |
| मलाई नाच्न असाध्यै मन पर्छ । | |
| मेरो स्वर मिठो भएकोले म गीत गाउँछु । | |
| मलाई SDG को पुरा रुप थाह छ । | |
| मैले युएन एफ सि सि सि को बारेमा सुनेको छु । | |
| म जिब्रोले नाक छुन सक्छु । | |
| मैले सार्वजनीक स्थानमा वृक्षारोपण गरेको छु । | |
| मेरो घरमा कुहिने र नकुहिने फोहोर छुट्ट्याएर व्यवस्थापन गर्ने गरेको छ । | |
| मैले वातावरण संरक्षणको तालिम लिएको छु । | |

सहजकर्तालाई सुझावः यस खेलमा सबै सहभागीहरूलाई सक्रिय सहभागिताको लागि सहजकर्ताले प्रोत्साहित गर्नुपर्छ । आवश्यकता अनुसार सहजकर्ताले खेलको लागि समय पनि तोक्न सक्नेछन् । कुनै वाक्यमा वर्णन गरे अनुसार कोहीपनि साथी नभेटिन सक्छन् यदि कोही पनि नभेटिए त्यो कोठा खाली राख्न सकिनेछ भन्ने कुराको जानकारी सहजकर्ताले सहभागीलाई दिनुपर्दछ ।

## सन्दर्भ सामाग्री २: तालीमका उद्देश्य तथा विषयहरु

### तालीमका उद्देश्यहरु

क) बालबालिका र युवाका नीतिगत प्रावधान, सवाल र प्राथमिकताका विषय उजागर गर्नु ।

ख) वातावरण, जलवायू र युवा तथा बालबालिकाको अन्तरसम्बन्धका बारेमा सहभागीहरुलाई सचेत गराउनु ।

ग) वातावरणीय सवालको अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय आयाम तथा युवा र वालवालिकाको भूमिका बारेमा जानकारी दिने ।

## सत्र २ः प्रशिक्षणका नियम र आचारसंहिता

**उद्देश्य:** तालीमलाई व्यवस्थित र मर्यादित बनाउन सहभागीहरूबाट स्व-नियमका बुँदाहरू तयार गर्ने ।

**अपेक्षित उपलब्धिः** यस सत्रमा सहभागीहरूले तालीम अवधिभरको लागि आफ्नो लागि नियम बनाउनेछन् ।

**समयः** ३० मिनेट

**पूर्व तयारीः** सबै साहभागीहरुलाई पुग्ने गरी रातो र नीलो रङको मेटाकार्ड

**आवश्यक सामग्रीः** न्यूजप्रिन्ट, मार्कर

**विधिः** छलफल

**क्रियाकलाप**

- प्रत्येक सहभागीलाई २ वटा रङ्गको (रातो र नीलो) मेटा कार्ड वितरण गर्नुहोस् ।
- प्रत्येक सहभागीलाई उक्त मेटा कार्डमा निम्न कार्य गर्न भन्नुहोस् -
- रातोः हाम्रो के-कस्ता क्रियाकलापले यस प्रशिक्षण कार्यक्रममा अवरोध सिर्जना हुन सक्छ ? एउटा मात्र बुँदा ।
- नीलोः हाम्रो के-कस्ता क्रियाकलापले यस प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन सक्छ ? एउटा मात्र बुँदा ।
- ५ मिनेटको समय दिनुहोस् ।
- अब सहभागी मध्येबाट केहीलाई आफूले लेखेको कुरा भन्नलाई अनुरोध गर्नुहोस् । सहभागीले भनेका कुरा अगाडि टाँसिएको न्यूजप्रिन्टमा टिप्दै जानुहोस् ।
- केही सहभागीको भनाइ सुनीसकेपछि अरु कसैले यहाँ लेखिए भन्दा फरक लेखेको भए सुनाउन अनुरोध गर्नुहोस् ।
- अब सहभागीले भनेका कुरा नै यस तालीमको नियम भएको कुरा बताउनुहोस् । यो नियममा सबैजना सहमत हुनुहुन्छ भने ताली बजाएर पारित गर्न अनुरोध गर्नुहोस् ।
- सहभागीहरूलाई पूर्व परीक्षण प्रश्नावलीको उद्देश्य र उपयोगिताको बारेमा जानकारी दिई उक्त प्रश्नावली वितरण गर्नुहोस् । (समय १० मिनेट)

**सन्दर्भ सामग्री १ ः नमुना आचारसंहीता**

- सहभागीले तालीम अवधिभर मोबाइल नचलाउने वा साइलेन्समा राख्ने ।
- आफ्नो कुरा राख्दा हात उठाएर मात्र पालैपालो राख्ने ।
- सहजकर्ता वा संयोजकको निर्देशन पालना गर्ने ।
- अरुको विचारलाई सम्मान गर्ने ।
- अरुको कुरा सुनिसके पश्चात मात्र आफ्नो कुरा राख्ने ।
- समयको पालना गर्ने ।
- ब्रेकको समय भन्दा अन्य समयमा सकेसम्म बाहिर भित्र नगर्ने ।
- तालीममा सक्रिय सहभागिता जनाउने ।

## सत्रः ३ पूर्व परीक्षण

**उद्देश्यः** सहभागीहरूको विषयवस्तुको बारेमा रहेको बुझाइलाई परीक्षण गर्नु ।

**अपेक्षित उपलब्धिः** सहभागीहरूलाई तालीमले समेटने विषयवस्तुको बारेमा भएको ज्ञानका बारेमा जानकारी हासिल हुनेछ ।

**समयः** १० मिनेट

**पूर्वतयारीः** सहजकर्ताले पूर्व परीक्षण प्रश्नावली पहिले नै सबै सहभागीहरूलाई पुग्ने गरी तयारी गरी राख्नु पर्नेछ ।

**विधिः** प्रश्नोत्तर

**क्रियाकलापः**

सहजकर्ताले सहभागीहरूलाई यस तालीममा छलफल गरिने विषयवस्तुका बारेमा हामी सबैको बुझाई एउटै नहुन सक्छ । एक जनालाई थाहा भएको कुरा अर्कोलाई थाहा नहुन पनि सक्छ, त्यसैले यस विषयवस्तुमा हामीलाई के-कस्तो जानकारी छ भनी जान्नका लागि पूर्व परीक्षण गर्न गईरहेको जानकारी दिनुहोस् ।

सबै सहभागीहरूलाई सहजीकरण पुस्तिकामा भएजस्तै पूर्व परीक्षणका प्रश्नहरू वितरण गर्नुहोस् ।

सहभागीहरूलाई प्रश्नपत्रको माथि आफूले चिन्ने कुनै संकेत वा चिन्ह राख्न सक्नुहुन्छ भनी बताउनुहोस् ।

**पूर्व परीक्षण**

१) विश्व वातावरण दिवस कहिले मनाइन्छ ?

क) जुन १४ ख) सेप्टेम्वर १४ ग) जुन ५ सेप्टेम्वर ५

२) नेपालको कानुन अनुसार कति वर्ष उमेर समूहलाई युवा भनिन्छ?

क) १६-४० ख) १८-२५ ग) १६-२५ घ) १८-४०

३) तलका मध्ये कुन जलवायु परिवर्तनको असर हो?

क) अति वृष्टि ख) हिमताल पग्लने ग) उत्पादनमा ह्रास घ) सबै ङ) कुनै पनि हैन

४) तलका मध्ये कुन भनाई वेठिक छ ?

क) जलवायु परिवर्तन मानव समुदायका गतिविधिले मात्र भएको छ ।

ख) जलवायु परिवर्तनले उत्पादन बढ्न सक्छ ।

ग) जलवायु परिवर्तनले आकस्मिक घटनाहरु (एक्कै पटक धेरै पानी पर्ने, आँधी) जस्ता घटना बढ्ने

घ) फोहोरमैला व्यवस्थापन स्थानीय सरकारको दायित्वभित्र पर्छ ।

५) वातावरण संरक्षणमा युवाको भूमिका

..........................................

..........................................

..........................................

६) जलवायु परिवर्तनको लागि युवा/ बालबालिकाको भूमिका

..........................................

..........................................

..........................................

# खण्ड ख

# प्रशिक्षणको विषयवस्तु

# सत्र

## सत्रः ४ युवा र बालबालिकाको सवाल

**उद्देश्यः** यस सत्रमा सहभागीहरूलाई बालबालिका र युवा सम्बन्धि अवधारणात्मक स्प्रष्टता ल्याउनु यस सत्रको उद्देश्य रहेको छ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालबालिका र युवा सम्बन्धि अवधारणात्मक आवधारणामा प्रष्टता हुनेछन् ।

**समयः** १ घण्टा २० मिनेट

**पूर्वतयारीः** बालबालिका र युवा सम्बन्धि अवधारणात्मक विषय लेखिएको हातेपत्र,

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** छलफल, प्रश्नोउत्तर, प्रस्तुतीकरण ।

**क्रियाकलापः**

- सहजकर्ताले पूर्व परीक्षण सकिएपछि सहभागीहरूलाई अब हामी बालबालिका र युवाका सवालका विषयमा छलफल गर्दैछौं भनी सत्रको सुरुवात गर्नुहोस् ।
- सहभागीहरूलाई हामीले बालबालिका र, वा युवा कसलाई भनिन्छ भनि सोध्नुहोस् । सहभगीहरूलाई आफूले आ-आफ्ना आफनो विचार पालैपालो राख्न सकिने बताउनुहोस् ।
- सहजकर्ताले बालबालिकाका र युवाका केन्द्रित विद्यमान ऐन, नीति तथा कार्यक्रमका सम्बन्धमा हातेपत्रमा भए जस्तै छलफल गराउनुहोस् । यसरी छलफल गर्दा यि प्रावधानहरुले बालबालिका र युवाको स्वच्छ वातावरणमा हुर्कन पाउने, र स्रोतको दिगो प्रयोगको अधिकारलाई सुनिश्चित गरेको बाताउनुहोस् ।
- सबै सहभागीहरूले आफ्नो विचार प्रस्तुत गरेपछि अब सहजकर्ताले आफ्नो नजिकका २/२ जनाको समूह बन्नका लागि भन्नुहोस् ।
- अब सहभागीहरूको समूहलालाई युवा र बालबालिकालाई के के अवसर हुन सक्छन् र के के समस्या होलान् भन्ने कुनै एउटा विषयमा ५/५ वटा बुदा टिप्नका लागि भ्नुहोस् ।
- अब २/२ जनाको समूहबाट आफ्नो भन्दा फरक प्रस्तुतीकरण गर्ने (समस्या सम्बन्धि प्रस्तुतिकरण भए अवसर र अवसर सम्बन्धी भए समस्या सम्बन्धि

प्रस्तुतिकरण गर्ने समूहसँग मिल्ने) अर्को समूहसँग मिलेर ४/४ जनाको समूह बन्नका लागि भन्नुहोस् ।

- अब ४/४ जनाको समूहमा वर्तमान अवस्थामा बालबालिकाको सवाल र समस्या सम्बन्धी बुँदाहरु तयार गर्नका लागी भन्नुहोस् ।
- सहजकर्ताले सबै समूहको छलफल सकेपछी हातेपत्रमा भए जस्तै बालबालिका र युवाका सवाल सम्बन्धि छुटेको केहि भएमा छलफल गर्नुहोस् ।
- यि र यस्ता सवालहरु समाज र राज्यलाई समृद्ध बनाउनका लागि सम्बन्धित सबैले सम्बोधन गर्नुपर्ने बनाउनुहोस् । यसला लागि हातेपत्रमा भए जस्तै बालबालबालिका र युवाका वातावरणीय सवाल यस कारण महत्वपूर्ण छ भन्ने छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

## सन्दर्भ सामग्री

### क) **बालबालिका**

बालबालिका वर्तमानका साझेदार र भविस्यका कर्णधार हुन्, भोलिको सुन्दर देश निर्माण गर्ने आधार स्तम्भहरू पनि हुन् । बालबालिकाप्रतिको बुझाइमा विविधता पाइन्छ । बालबालिका हुर्कने वातावरण, परिपक्वता, उनीहरूले पाएको सेवा सुविधा तथा हरेचाह, शिक्षाको स्तर, समाजको अवस्था, बालबालिकालाई समाजले हेर्ने दृष्टिकोण, सामाजिक चलन र मानिसहरूको बुझाइ, सामाजिकीकरणको प्रक्रिया आदि कारणले पनि बालबालिकालाई हेर्ने दृष्टिकोणमा फरक पार्दछ । बालबालिकाप्रति गरिने व्यवहार र उसको हुर्कने प्रक्रियामा उसको परिवार, समाज, सामाजिक मूल्य मान्यता आदिले फरक पार्दछ । बालबालिकाले पाएको अवसर, वयस्कहरूले उनीहरूलाई हेर्ने दृष्टिकोण, राज्यले प्रदान गर्ने सेवा सुविधा आदिले बाल्यकाल निर्भर हुने भएकाले बाल्यकालमा विविधता भेटिन्छ । तसर्थ हाम्रो समाजमा बालबालिका फरक-फरक परिवेशमा हुर्कने भएकाले बाल्यकालमा विविधता भेटिन्छ । शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रूपमा विकासवान मानवलाई बालबालिका भनेर व्याख्या गर्ने गरिन्छ । हाम्रा विद्यमान कानून, नीति र नेपालले हस्ताक्षर गरेका राष्ट्रिय अन्तर्राष्ट्रिय कानून तथा प्रतिवद्धताका आधारमा हेर्ने हो भने उमेरका आधारमा बालबालिकालाई यसरी परिभाषित गरेको पाइन्छ ।

१— 'बालक भन्नाले १८ वर्ष उमेर पूरा नगरेका बालबालिका सम्झनुपर्छ' भनेर नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ ले परिभाषित गरेको छ ।

२— ‘बालबालिका भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्दछ’ भनी, बालबालिका सम्बन्धी ऐन २०७८ ले परिभाषित गरेको छ ।

३. सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघबाट जारी बाल अधिकार महासन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा हस्ताक्षर गरेको थियो । उक्त महासन्धीले ‘कानूनले वयस्कताको उमेर कम तोकेको अवस्थामा वाहेक बालबालिका भनेका १८ वर्षभन्दा कम उमेरका सबै बालक वा बालिका हुन्’ भनी परिभाषित गरेको छ । बालबालिका सम्बन्धी विभिन्न बुझाइ र कानूनी प्रावधान भए पनि हामीले बालबालिका सम्बन्धी साझा बुझाइ गर्नुपर्दछ । अर्थात समग्रमा भन्नुपर्दा बालबालिका भन्नाले गर्भावस्थादेखि १८ वर्षमुनिकालाई सम्झनुपर्छ । उनीहरूलाई विशेष संरक्षणको आवश्यकता हुन्छ । यस्तो अवस्थामा उनीहरूको उचित हेरचाह पु¥याउनु वयस्कहरूको दायित्व रहन्छ ।

बालबालिका सम्बन्धि केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाहरूः

**अन्तर्राष्ट्रिय दस्तावेजहरूः**

१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा–पत्र, १९४८

२. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

३. दीगोविकास लक्ष्य, सन् २०१६–२०३०

४. जेनेभा महासन्धिहरू

५. दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२

६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा–पत्र, १९६६

**राष्ट्रिय कानूनी दस्तावेजहरू**

१. नेपालको संविधान

२. मुलुकी अपराध (संहिता) ऐन, २०७४

३. मुलुकी देवानी (संहिता) ऐन, २०७४

४. बालबालिका सम्बन्धी ऐन, २०७५,

५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

८। बालमैत्री स्थानीय शासन कार्यन्वयन निर्देशिका, २०७८

९. बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

९. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९

ख) **युवा**

संयुक्त राष्ट्रसंघ र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मानेको पाइन्छ । नेपालको सन्दर्भमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्षलाई युवा उमेर समूह निर्धारण गरेको छ । नेपालको जनसंख्याको १६ देखि ४० वर्ष उमेर समूहलाई हेर्दा यो कुल जनसङ्ख्याको ४०.३५ प्रतिशत हुन आउँछ र आउने दशकमा यो प्रतिशत अझै बढ्ने निश्चित छ । नेपाल सरकारका विभिन्न निकायमा युवा उमेर समूहबारे अझै एकरूपता कायम हुन नसकिरहेको सन्रदभमा 'युथ भिजन –२०२५' मा १६ देखि २४ वर्ष र २५ देखि ४० वर्षको उमेर समूहमा विभाजन गरी समूहगत प्राथमिकता निर्धारण गरिएको छ । युवा विकास सूचकाङ्कमा १४५ औं स्थानमा रहेको छ । सरकारी तथ्याङ्कमा नेपालमा पूर्ण बेरोजगार युवाको दर २.३ प्रतिशतमात्र देखाइए पनि अर्ध बेरोजगार युवाको दर करिब ३६ प्रतिशत छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र अर्ध बेरोजगारी दर २८.३ प्रतिशत छ । अर्ध बेरोजगारीमा रहेको नेपालको करिब ३६ प्रतिशत युवा शक्ति आर्थिक उत्पादन र सिपसँग जोडिन सकेको छैन । सीमान्तकृत, अल्पसङ्ख्यक, आदिवासी, अपाङ्गता भएका युवामा बेरोजगारी दर उच्च रहेको छ । वैदेशिक रोजगारीमा जाने वार्षिक पाँच लाख ३८ हजार युवामध्ये ७४ प्रतिशत अदक्ष छन् । सेवा क्षेत्रमा रोजगारीको अनुपात केही बढेको देखिए पनि औद्योगिक क्षेत्रमा भने यो अनुपात घटेको छ । विप्रेषण गार्हस्थ उत्पादनको २९ प्रतिशत पुगेको भए पनि यसको निकै सानो अंशमात्र उत्पादनको क्षेत्रमा प्रवाह भएको छ ।

**युवा सम्बन्धित नीतिगत व्यवस्थाहरु**

युवा विकासको फोकल मन्त्रालयका रुपमा वि.स. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना,

वि.स. २०६६ मा राष्ट्रिय युवा नीति, २०६६ जारी,

वि.स. २०७२ मा दोस्रो युवा नीति, २०७२ जारी,

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ जारी,

राष्ट्रिय युवा परिषद् नियमावली, २०७३ जारी,

युवा तथा खेलुकद मन्त्रालयको पहलमा नेपाली युवाको विकासका लागि युथ भिजन–२०२५ सहितको दश वर्षीय रणनीतिक योजना नेपाल सरकारबाट स्वीकृत ।

वि.स. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना,

वि.स. २०२१ मा राष्ट्रिय खेलकुद परिषद्को स्थापना,

वि.स. २००९ मा नेपाल स्काउट स्थापना,

वि.स. २०७२ मा राष्ट्रिय युवा परिषद् स्थापना,

वि.स. २०७३ मा जिल्ला युवा समितिको कार्यालय स्थापना ।


राज्यको पुर्नसंरचना पश्चात क्रामिक रुपमा प्रदेश तथा स्थानिय स्तरमा प्रदेश तथा स्थानिय युवा परिषदको स्थापना

युवा स्वरोजगार कोषको स्थापना र परिचालन

ग) बालबालिका र युवाका चुनौति र सवालहरु

| **बालबालिकाको सवाल र चुनौतीहरु** | **नेपाली युवाहरुको वर्तमान सवाल र चुनौतीहरु** |
|---|---|
| • अर्थपूर्ण बाल सहभागिता | • गुणस्तरीय, समय सापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सिप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता, |
| • बाल विवाह | • बेरोजगारी र अर्ध बेरोजगारी, |
| • बाल श्रम | • युवा पलायन, राजनीतिक अस्थिरता |
| • बाल यौन दुर्व्यवहार र हिंसा | • युवाको कमजोर स्वास्थ्य, पोषण र मनोबल, |
| • मध्यम तथा कडा कुपोषण | • युवामैत्री लगानी तथा उद्यमको वातावरणको अभाव, |
| • जन्मदर्ता | • लैङ्गिक, क्षेत्रीय, जातीय विभेद र बहिष्करण, |
| • परिवार तथा विद्यालयमा हुने बाल शारीरिक तथा मानसिक दण्ष सजाय | • विश्वव्यापीकरण तथा उदारीकरणको प्रभावले ल्याएका चुनौतीहरू । |
| • विपद् जोखिम | • गुणस्तरीय, समय सापेक्ष र रोजगारमूलक शिक्षाको अभाव, व्यावसायिक सिप र प्रविधिको पहुँचबाट टाढा, गन्तव्य विहीनता, |

घ) **युवा तथा बालबालिका र वातावरणीय सवाल किन**




**सत्रको निष्कर्ष**

१) स्वच्छ वातावरणमा हुर्कन पाउनु बालबालिकाको कानुनी अधिकार हो भने प्राक तिक स्रोतको दिगो उपयोग र संरक्षण गर्न पाउनु युवाहरुको दायित्व हो ।

२) नेपालले अनुसरण गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्वयस्थाका कारण पनि युवा र बालबालिकालाई सुरक्षित र अनुकूल वातावरण प्राप्त गरेको सुनिश्चित गर्नुपर्छ ।

३) स्वच्छ वर्तमान र सुरक्षित भविष्यका लागि युवा र बालबालिकाले वातावरणीय सवालका समबन्धमा चासो दिनु जरुरत छ ।

# सत्र ५ वातावरण र जलवायु

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई वातावरण, जलवायु र यी सँग सम्बन्धित शब्दहरुको बारेमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले वातावरण, जलवायु र यी सँग सम्बन्धित शब्दहरुका बारेमा जानकारी पाउनेछन् ।

**समयः** १ घण्टा ३० मिनेट

**पूर्वतयारीः** स्टल विधिका लागि हातेपत्र

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड आदि ।

**विधिः** स्टल खेल

क्रियाकलाप

- यस सत्रमा हामी सहभागीहरूलाई एउटा खेल खेल्न गईरहेका छौं भनी जसका लागि ९ जना सहभागीहरूलाई स्वत स्फूर्त रूपमा अगाडि आउन अनुरोध गर्नुहोस् ।
- सहभागीहरूलाई अब करिव २/२ मिटरको दुरिमा बस्नका लागि भन्नुहोस् । सहभागीहरूलाई वातावरण तथा जलवायु सम्बन्धि जानकारी लेखिएका मेटाकार्ड दिनुहोस् । तपाईहरू एउटा/एउटा स्टल भएको कुरा बताउनुहोस् ।
- उक्त सहभागीहरूलाई आफूलाई प्राप्त मेटाकार्डमा लेखिएका विषयवस्तु अध्ययन गर्नका लागि ५ मिनेटको समय दिनुहोस् । अन्य सहभागिहरूलाई सबै स्टल घुम्नका लागि भन्नुहोस् ।
- अब सहभागीहरूलाई आफुलाई परेको विषयवस्तु अन्य सहभागीहरूलाई बुझाउनुपर्ने कुरा बताउनुहोस् । यसका लागि प्रत्येक स्टललाई ३ मिनेटको समय रहेको बताउनुहोस् ।
- सबैले सबै स्टल घुमिसकेपछि खेलको अन्त्य गर्नुहोस् ।
- सबै सहभागीले सबै स्टल घुमिसकेपछि सहजकर्तालाई सबैभन्दा धैरे स्टलको बारेमा कसले भन्न सक्छ भनी प्रश्न गर्नुहोस् । सबै सहभागिहरुलाई पालै पालो बोल्ने अवसर दिनुहोस् ।
- सहभागीहरुलाई असहज र अप्ठ्यारो लागेका शब्दावलीहरुलाई पालै पालो उदाहरण र चित्र सहित वुझाउनुहोस् ।

- सहभागीहरूको भनाइ सुनिसकेपछि सहजकर्ताले आवश्यक भएमा थप प्रष्टिकरण गर्दै सत्रको अन्त्य गर्नुपर्छ ।

**सन्दर्भ सामग्री १**

**वातावरणः**

वातावरण 'वात' र 'आवरण' भन्ने शब्द मिलेर बनेको छ। वात भन्नाले 'वायु' र 'आवरण' भन्नाले ढाकिएको भन्ने बुझिन्छ । यस अर्थमा वातावरण भन्नाले पृथ्वीको वायुमण्डल भित्र रहेका सजीब र निर्जीव वस्तुहरुको समष्टिगत रुप नै वातावरण हो । वातावरणीय तत्त्वहरूको समानुपातिक संरचनाका आधारमा पृथ्वीका तत्त्वहरूलाई जल, वायु र स्थल गरी प्रमुख तिन अंशमा बाँड्न सकिन्छ । यिनै तत्त्वहरूका आधारमा वातावरणलाई चारवटा मण्डलमा वर्गीकरण गर्न सकिन्छ ।

(क) **वायुमण्डल (Atmosphere)**

पृथ्वीको सतह र वायु (हावा)ले ढाकिएको पृथ्वीको खण्ड नै वायुमण्डल हो । यसले पृथ्वीको तापमानलाई अनुकूल बनाउनुका साथै सूर्यबाट आउने हानिकारक किरणहरूबाट जोगाउन मद्दत गर्दछ ।

**(ख) जलमण्डल (Hydroshpere)**

पृथ्वीको सतहमा रहेका सबै जलले ढाकिएको स्थानलाई जलमण्डल भनिन्छ । समुन्द्र, ताल, खोला, हिमनदी, पोखरी, सागर आदि पृथ्वीका जलस्रोत हुन् । पृथ्वीको करिव ९७ प्रतिशत जल समुन्द्रमा पाइन्छ जुन अत्यधिक नुनिलो हुन्छ र ३ प्रतिशत जल मात्र स्वच्छ हुन्छ ।

**(ग) भू-मण्डल (Lithosphere)**

पृथ्वीको माटो, ढुङ्गा, खनिज र रासायनिक पदार्थले बनेको सतहलाई भूमण्डल भनिन्छ ।

**(घ) जीवमण्डल (Biosphere)**

पृथ्वीमा पाइने सजिव वस्तुहरू जस्तै मानिस, बोटबिरुवा, जनावर, सूक्ष्म जीव आदि जीवमण्डल अन्तर्गत पर्दछन् । यी जीवजन्तुहरूको एक आपसमा अन्तरसम्बन्ध रहेको हुन्छ । कुनै एक तहमा खलबल भयो भने सम्पूर्ण जीवलाई असर पर्दछ ।

वातावरणको रचना अनुसार यसलाई कृत्रिम र प्राकृतिक गरी दुई भागमा छुट्याइएको छ

**मौसम**

मौसम भनेको छोटो अवधिमा वायुमण्डलको अवस्था हो। सामान्यतया एक दिन, महिना, सिजन वा वर्ष को अवस्था नै मौसमले जनाउछ । जस्तै आज अरु दिनभन्दा धेरै गर्मी छ ।

**जलवायु**

मौसमको दिर्घकालिन औसत अवस्थालाई जलवायु भनिन्छ ।

जस्तैः -वर्षा, तापक्रम, आर्द्रता, घाम, हावाको गति, कुहिरो, शीत र असिना आँधी जस्ता घटनाहरू, र कुनै विशेष स्थानमा लामो समयसम्म हुने मौसमका अन्य घटनाहरुको औसत अवस्था नै जलवायु हो ।

**जलवायु परिवर्तन**

जलवायुको औसत अथवा विविध अवस्थामा देखिने स्पष्ट तथ्याङ्गीय विविधता जुन लामो समयसम्म रहन्छ (विशेषत तीन दशक वा सोभन्दा बढीको समयलाई लिने गरिन्छ) । जलबायुको औसत अवस्थामा हुने घटवढ वा परिवर्तन नै जलवायु परिवर्तन हो ।विश्वभरि तापक्रम बढिरहेका कारण पृथ्वी अहिले द्रुत जलवायु परिवर्तनको अवस्थामा छ।

**अनुकूलन (Adaptation):**

नयाँ अथवा परिवर्तित वातावरणमा प्राकृतिक प्रणाली अथवा मानव प्रणालीको समायोजन नै अनुकूलन हो । जलवायु परिवर्तनमा अनुकूलन भन्नाले प्राकृतिक प्रणाली अथवा मानव प्रणालीमा जलवायु परिवर्तनका कारण हुने वास्तविक अथवा अपेक्षित असरलाई समायोजन गरी क्षति न्यूनीकरण गरी संभाव्य अवसरको उच्चतम प्रयोग गर्ने भन्ने जनाउँदछ ।

**अनुकूलन क्षमता (Adoptive Capacity):**

कुनै प्रणालीको जलवायु परिवर्तनका प्रभावसँग समायोजन गर्न सक्ने क्षमता, संभावित क्षतिको न्यूनीकरण र अवसरको उच्चतम प्रयोग गर्न सक्ने क्षमतालाई नै अनुकूलन क्षमता भनिन्छ ।

**प्रकोप (Disaster):**

कुनै समुदाय वा समाजको प्रकार्यमा पर्ने गम्भीर व्यवधान । प्रकोपले मानव समुदाय र भौतिक वस्तुहरूमा आर्थिक एवं वातावरणीय क्षति तथा प्रभाव पार्दछ जुन समुदाय वा समाजको आफ्नो स्रोत प्रयोग गरी पुनः स्थापित हुने क्षमताभन्दा बढी हुन्छ ।

**सम्मुखता (Exposure)**

कुनै पनि प्रणाली जुन जलवायु परिवर्तनको असरमा कुन हदसम्म सम्मुख भएको छ, यसलाई नै सम्मुखता भनिन्छ । सम्मुखता भन्नाले जलवायु परिवर्तनको विशिष्टता वा मात्रा, जलवायु विविधता र यससंग जोडिएका क्षतिलगायतका चरम घटनाहरू भन्ने बुझिन्छ ।

**खतरा, विपत्ति (Hazard)**

एक खतरनाक प्रक्रिया वा अवस्था जसले जनजीवनमा क्षति, चोटपटक वा अन्य स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभाव, धनजनको क्षति, दैनिक जीवन तथा सेवाको क्षति, सामाजिक र आर्थिक व्यवधान अथवा वातावरणीय क्षतिलाई बुझाउँछ ।

**जोखिम (Risk)**

कुनै घटनाको संभावना र यसको प्रतिकूल परिणामको योग नै जोखिम हो ।कुनै व्यक्ति जलवायु परिवर्तनको कारण निम्तिने विपत्तिका कारण कत्तिको जोखिममा छ भन्ने बुझाउने यो शब्द प्रयोग गरिन्छ ।

**संवेदनशीलता (Sensitivity):**

कुनै प्रणाली कुन तहसम्म प्रभावित छ, जुन जलवायुको प्रभावले प्रतिकूल वा अनुकूल हुन सक्छ भन्ने कुरा नै जलवायु परिवर्तनले जनाउँछ ।

**परिवर्तनशिलता (Variability):**

कुनै प्रणालीको विविध हुने अवस्था वा विशेषता, यस सन्दर्भमा जलवायुको कारणले विविध हुने अवस्थालाई परिवर्तशिलता भनिन्छ ।

**संकटासन्नता (Vulnerability):**

कुनै पनि प्रणाली जलवायु परिवर्तनको असरबाट संकटमा पर्न सक्ने, प्रभाव वहन गर्न नसक्ने अवस्थामा पुग्ने स्थितिलाई संकटासन्नता भनिन्छ । कुनै पनि प्रणालीको संकटासन्नताले उक्त प्रणाली कत्तिको संकटको सम्भुख छ भन्ने देखिन्छ ।

**सत्रको निष्कर्ष**

१) दिगो विकास र समृद्ध समाजका लागि स्वच्छ वातावरणको विशेष महत्व रहन्छ ।

२) जलवायु परिवर्तन प्राकृतिक प्रकृया र मानवीय कारणबाट हुन्छ ।

३) मानवीय गतिविधिका कारण जलवायु परिवर्तनको दर धेरै बढेको छ ।

# सत्र ६ नीतिगत व्यवस्था

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई वातावरण तथा जलवायू परिवर्तन सम्बन्धि नीतिगत प्रावधानबारे जानकारि दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले वातावरण, जलवायु र सो सँग सम्बन्धित स्थानीय, प्रादेशीक र संघिय नीतिगत व्यवस्थाका बारेमा जानकारी पाउनेछन ।

**समयः** १ घण्टा १५ मिनेट

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा काड ।

**विधिः** हाजिरीजवाफ

क्रियाकलाप

- सहभागीहरूलाई हाजिरी जवाफ प्रतियोगिता आयोजना हुँदैछ जसका लागि हामी समूह विभाजन गरौं भनी चारवटा समूहमा विभाजन गर्नुपर्छ ।
- यसरी समूह विभाजन गर्दा प्रत्येक फरक-फरक लिङ्ग, भुगोल र क्षेत्रका सहभागीहरूलाई समूहमा रहने गरी व्यवस्था गर्नुपर्छ ।
- सहि उत्तर दिने समूहलाई १० अंक र अर्को समूहबाट पास भएर आएको उत्तर सहि भएमा ५ अंक पाइने भनी नियम बताउनुहोस् । प्रत्येक समूहलाई उत्तर दिनका लागि ३० सेकेन्डको समय हुने र पास भएर आएको प्रश्नको उत्तर दिनका लागि २० सेकेन्डको समय हुने बताउनुहोस् ।
- प्रत्येक प्रश्नको उत्तरसँगै सम्बन्धित विषयवस्तुहरूपनि छलफल गर्दै जानुहोस् ।
- हातेपत्रमा भए जस्तै सबै विषयवस्तुहरूको छलफल सकिएपछि सत्रको अन्त्य गर्नुहोस् ।

## सन्दर्भ सामग्री

सन्दर्भ सामग्री १ हाजिरी जवाफका लागी प्रश्नहरु

१) नेपालको संविधानको धारा कतिमा स्वच्छ वातावरणको हक सम्बन्धी व्यवस्था गरिएको छ?

क) धारा २९ **ख)** धारा ३० ग) धारा ३१ घ) धारा ३२

२) तलका मध्ये कसले वातावरण संरक्षणको कुरा गर्छ?

**क)** वातावरण संरक्षण ऐन २०७६

ख) जलवायु संरक्षण ऐन २०७६

ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

घ) फोहोरमैला व्यवस्थापन ऐन २०६८

३) फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार फोहोरमैला व्यवस्थापन कसको जिम्मेवारी भित्र पर्दछ ?

क) संघिय सरकार ख) प्रदेश सरकार ग) प्रदेश सरकार घ) परिवार

४) वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७८ अनुसार वातावरण मैत्री वडा घोषणाका लागि कति वटा सूचक पुरा गर्नुपर्छ ?

क) ख) ग) घ)

५) वावातारण संरक्षण ऐन २०७६ अनुसार साना तथा वातारणीय दृष्टिकोणले कम प्रभाव पुर्याउने योजना कार्यान्वयन गर्नुपर्व तलका मध्ये के गर्नुपर्ने व्यवस्था छ?

क) प्रारम्भिक वातावरणीय अध्ययन ख) वातावरणीय प्रभाव मूल्याङ्कन

ख) वातावरणीय प्रभाव मूल्याङ्कन

ग) क्षेत्रीय वातावरण अध्ययन

घ) संक्षिप्त वातावरणीय अध्ययन

६) दिगो विकास लक्ष्यको कतिवटा लक्ष्यहरु छन्

क) १७ ख) १८ ग) १९ घ) २२

७) आघारभूत स्वास्थ्य र सरसफाइ कसको जिम्मेवारीमा पर्छ?

क) स्थानीय तह ख) जिल्ला समन्वय समिति ग) प्रदेश सरकार घ) अस्पताल

८) **COP** के सँग सम्बन्धित अन्तराष्ट्रिय सम्मेलन हो?

क) वातावरण संरक्षण ख) युवा र बालबालिका ग) विपद् व्यवस्थापन घ) जलवायु

९) दिगो विकास लक्ष्यका कतिवटा लक्ष्यहरु छन् ?

क) १५  ख) १६  ग) १७  घ) १८

वातावरण केन्द्रित राष्ट्रिय प्रावधानहरु

- नेपालको सम्विधान (धारा ३० मा स्वच्छ वातावरणको हक सम्बन्धि व्यवस्था)
- वातावरण संरक्षण ऐन २०७६
- दिगो विकास लक्ष्य २०१५
- जलवायु परिवर्तन सम्बन्धि राष्ट्रिय नीति २०७६
- वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७८
- वन ऐन, २०७६,
- फोहरमैला व्यवस्थापन ऐन, २०६८
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का निम्न विषयवस्तुहरू वातावरणसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् ।

अनुसूची ८ अनुसार एकल अधिकार सम्बन्धी व्यवस्था

झ) आधारभूत स्वास्थ्य र सरसफाई

- आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
- आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन,
- स्वस्थ खानेजल तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण,
- सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन ।

वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत निम्न अधिकारहरू व्यवस्था गरिएको छ ।

- बालउद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम गर्ने,
- प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,


- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्ने, गराउने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- प्राङ्गरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवद्र्धनात्मक कार्यहरू गर्ने, गराउने ।


**राष्ट्रिय योजना २०७६/७७–८०/८१**

**दिगो विकास लक्ष्य, २०३०**

- दिगो विकास लक्ष्यहरूमा सन् २०३० सम्ममा पूरा गर्न १७ वटा लक्ष्यहरू, १६९ वटा परिलक्ष्यहरू र २३७ वटा सूचकहरू छन् ।
- कूल लक्ष्यहरूमध्ये बालबालिकासँग प्रत्यक्ष सम्बन्धित हुने ८ वटा लक्ष्यहरू, ३५ वटा परिलक्ष्यहरू र ७६ वटा सूचकहरू छन् ।
- जम्मा २३७ सूचकमा नेपालको सन्दर्भमा २५७ वटा थप गरी जम्मा ४९४ वटा सूचकहरू छन् ।

**वातावरण मैत्री स्थानीय शासन**




वडा तह
खानेपानीका मुहान संरक्षण
फोहरमैला व्यवस्थापन
ताल,पोखरी तथा सिमसार क्षेत्रको संरक्षण

## सत्र ७ **वातावरणीय ह्रास र जलवायु परिवर्तन**

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई वातावरणीय ह्रासको यसको कारण तथा जलवायु परिवर्तनले सिर्जित समस्या र कारणका बारेमा जानकरी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले वातावरणीय ह्रासको यसको कारण तथा जलवायु परिवर्तनले सिर्जित समस्या र कारणका बारेमा जानकारी पाउनेछन् ।

**समयः** २ घण्टा

**पूर्वतयारीः** वातारणीय ह्रास र यसका कारणहरुको बारेमा जानकारी रहेको हातेपत्रको सूची

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** जोडि छलफल

**क्रियाकलाप**

- सहभागिहरूलाई हामी वातावरणीय ह्रासको यसको कारण तथा जलवायु परिवर्तनले सिर्जित समस्या र कारणका बारेमा छलफल गर्दछौ भनी जानकारी दिनुहोस् ।
- अब सहभागी मध्ये केहिलाई वातावरणीय ह्रास भनेको के बुझ्नुहुन्छ र बाँकीलाई वातावरणीय ह्रास भित्र के-के कुराहरू पर्दछन् भनी मेटाकार्डमा लेख्नका लागि समय दिनुहोस् । तपाईंहरूले दिएको उत्तरलाई अंक पनि दिइने जानकारी दिनुहोस् । यसको लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- समय सकिएपछि आफूले लेखेको मेटाकार्ड सहजकर्तालाई दिनका लागि भन्नुहोस् सहजकर्ताले सबैको मेटाकार्ड जम्मा गरेपछि सबैलाई एउटा/एउटा छान्नका लागि भन्नुहोस् । यसरी छान्न दिँदा आफैंले लेखेको परेमा अर्को छान्नका लागि भन्नुहोस् । अब आफूलाई परेको मेटाकार्ड अध्ययन गरी १० पूर्णाङ्कमा जाँच गरी अङ्क दिनका लागि अनुरोध गर्नुहोस् ।
- सहभागीहरूले अङ्क दिईसकेपछि वातावरणीय ह्रासका सम्बन्धमा कस्ले सबैभन्दा बढी अङ्क दिनुभयो पढेर सुनाउन भन्नुहोस् । यसरी क्रमशः केही सहभागीको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै **वातावरणीय ह्रास**का बारेमा छलफल गर्नुहोस् । यसरी छलफल गर्दा सहजकर्ताले के **वातावरणीय ह्रासका कारण र असरहरुको बारेमा समेत** उदाहरण सहित **प्रष्ट** गर्नुपर्छ ।
- अब सहजकर्ताले **वातावरणीय ह्रास**का विषयमा कसले सबैभन्दा धेरै अङ्क दिनुभयो पढेर सुनाउन अनुरोध गर्नुहोस् । केही सहभागीहरूको कुरा सुनिसकेपछि

सहजकर्ताले हातेपत्रमा भए जस्तै वातावरणीय ह्रास, यसका कारण र असरका बारेमा छलफल गराउनुहोस् ।

- सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले वातावरणीय ह्रासका, कारण र यसका असरहरुको बारेमा निष्कर्ष छलफल गरी सत्रको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री**


**वातावरणीय ह्रास र यसको कारण**

वातावरणको औसत अवस्थामा नकारात्मक परिवर्तन आई हावा जल जमिन, ध्वनीका साथै वातावरणका अवयवको अवस्थामा गिरावट आउनुलाई वातावरणीय ह्रास भनिन्छ। वातावरणीय ह्रास र यसका केहि कारणहरु यस प्रकार छन् ।

**जल क्षयीकरण**

जल क्षयीकरण वा जल प्रदूषण विषेशगरी पानीको स्रोतहरूमा हानिकारक पदार्थहरूको मिश्रण भइ जनावर वा मानिसले प्रयोगको लागि अनुपयुक्त हुनु नै हो । सामान्यतया पानीको गुणस्तरमा ह्रास आउनु नै जल क्षयीकरण हो ।

**कारण**




**असर**

- पानीको गुणस्तरमा ह्रासले मानिस, जनावर र वनस्पतिको स्वास्थ्य र जीवनमा प्रतिकूल असर पार्छ। प्रदूषित जलले बाली र माटोको उर्वराशक्तिमा प्रतिकूल असर पार्ने भएकाले कृषिका लागि पनि हानिकारक हुन्छ। समुद्री पानीको प्रदूषणले समुद्री जीवनलाई नोक्सान पुऱ्याउँछ।
- प्रदूषित जलको उपभोग स्वास्थ्य रोगको प्रमुख कारण भएकाले जलको क्षयबाट मानव स्वास्थ्यमा असर पर्न सक्छ। प्रदूषित जलले हैजा, झाडापखाला, झाडापखाला, क्षयरोग, जन्डिस जस्ता घातक रोगहरू निम्त्याउँछ। विश्व स्वास्थ्य संगठनले गरेको अनुमान अनुसार करिब २ अर्ब मानिसहरुलाई दूषित जल पिउनुपर्ने देखिन्छ । शिशु मृत्युदर जल क्षयिकरणको अर्को प्रभाव हो। संयुक्त राष्ट्रसंघका अनुसार सरसफाइको अभावमा लाग्ने झाडापखाला रोगका कारण विश्वभर दैनिक एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ ।
- दूषित जलमा माछा मार्ने र पशुपालन र कृषिका लागि फोहोर जलको प्रयोगले खाना खाँदा हाम्रो स्वास्थ्यको लागि हानिकारक खानेकुराहरूमा विषाक्त पदार्थहरू प्रवेश गर्ने खाद्य श्रृंखलाको प्रदूषण हुन्छ। जसबाट सम्पुर्ण पारिस्थितिक प्रणालीमा असन्तुलन पैदा हुन्छ ।
- जल क्षयीकरणले पिउने पानीको अभाव समेत सृजना गर्छ । संयुक्त राष्ट्रसंघले विश्वभरका अर्बौं मानिसहरूलाई पिउन वा सरसफाइको लागि सफा जलको पहुँच नभएको बताएको छ, विशेष गरी ग्रामीण क्षेत्रमा।
- जीवनको लागि जलमा निर्भर जनावर र बिरुवाहरू प्रदूषित पानीबाट सबैभन्दा बढी प्रभावित हुन्छन्। जसका कारण सम्पूर्ण पारिस्थितिक प्रणाली असन्तुलित हुन जान्छ ।

**भूमि क्षयिकरण वा माटो प्रदूषण**

माटोको वर्तमान अवस्थामा वा गुणस्तरमा ह्रास भइ माटोको उवर्राशक्ति कमि हुनु वा माटोमा प्राकृतिक रुपमा हुनुपर्ने तत्वमा कमि हुनु नै माटोको क्षयिकरण हो ।

**कारण**




**असर**


- माटोले विभिन्न बिरुवा प्रजातिहरूको वृद्धि र खेतीको लागि एक माध्यम प्रदान गर्दछ। यसले पारिस्थितिक सन्तुलनमा ठूलो योगदान पुर्‍याउने धेरै जनावरहरू र सूक्ष्म जीवहरूको बासस्थानको रूपमा पनि काम गर्दछ। माटो प्रदुषणले यी जीवजन्तुको वासस्थानमा नकारात्मक प्रभाव पार्छ ।
- हानिकारक फोहोरको विसर्जन वा रसायनको प्रयोगले माटोको संरचना दूषित हुँदा माटोमा निर्भर जीवहरूको लागि हानिकारक असर पुग्ने देखिन्छ ।
- जथाभावी फोहोर विसर्जनले माटोको गुणस्तरमा कमि आउँछ जसका कारण उर्वराशक्तिमा कमि हुनुका साथै विभिन्न प्रकारका प्लास्टिक सामग्री, धातुको स्क्र्याप, आदि जस्ता नघट्ने फोहोरको विसर्जनले माटोको जमिनमा आश्रित प्राणीहरुको जीवन संकटमा पर्दै जान्छ ।
- मल वा कीटनाशकको रूपमा खेतीमा रसायनहरूको प्रयोगले प्रायः विषाक्त रासायनिक अवशेषहरू पछाडि छोड्छ जुन समयमै खाद्य श्रृंखलामा प्रवेश गर्न सक्छ जसका कारण सम्पूर्ण पारिस्थितिक प्रणालीमा असर पुग्न सक्छ ।

- ल्यान्डफिल वातावरणीय क्षयको एक प्रकारको रूपमा भूमि क्षयको अर्को कारण हो र यसको प्रभावले वातावरणलाई प्रदूषित गर्दै शहरको सौन्दर्य नष्ट गरिरहेको छ। घरपरिवार, उद्योग, कलकारखाना र अस्पतालबाट निस्कने फोहोरको ठूलो परिमाणका कारण ल्यान्डफिल व्यवस्थापनमा कठिनाई थपिएको छ। ल्याण्डफिलहरूले वातावरण र त्यहाँ बस्ने मानिसहरूको स्वास्थ्यको लागि ठूलो जोखिम निम्त्याउँछ।

**वायुमण्डलीय गिरावट**

हामीले फेर्ने हावाको स्वच्छतामा ह्रास आउनुलाई वायुमण्डलीय गिरावट वा क्षयीकरण भनिन्छ ।

**कारण**




**असर**

- वायुमण्डलीय ह्रासका कारण ग्लोबल वार्मिंग र हरितगृह ग्यास उत्सर्जनको समस्या थप निम्त्याउने वातावरणीय समस्याहरूमा मुख्य योगदानकर्ता हो। वायु प्रदूषणको प्रभावमा चेन रिअक्शन हुन्छ जसले गर्दा अन्य इकोसिस्टमहरू पनि बिग्रन्छ। विश्वव्यापी रूपमा बढ्दो तापक्रमसँगै, समुद्री सतहमा भएको बृद्धि र

चिसो क्षेत्रहरूबाट बरफ पग्लने, र हिमशिलाहरू, विस्थापन, र बासस्थानको क्षतिले संरक्षण र सामान्यीकरणका लागि चाँडै कार्यहरू नगरेमा एक आसन्न प्रकोपको सङ्केत गरिसकेको छ ।


- वायु प्रदूषणको प्रमुख कारण सवारी साधन र औद्योगिक उत्सर्जन हो। सवारीसाधन र उद्योगहरूमा जीवाश्म इन्धन जलाउँदा निस्कने धुवाँमा मुख्यतया कार्बन मोनोअक्साइड, कार्बन डाइअक्साइड, सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड र हाइड्रोकार्बनहरू हुन्छन्। जसले मानव स्वास्थ्यका साथै अन्य प्राणीहरुको स्वास्थ्यमा पनि प्रतिकुल असर पुगि स्वासप्रस्वास, दम, खोकी, क्यान्सर, आँखाको तथा छाला सम्बन्धि रोगका साथै विभिन्न रोगहरुको जोखिमता बढ्छ ।
- अस्वच्छ जीवन अवस्था र फोहोर ढलको लापरवाह डम्पिङले दुर्गन्ध वा दुर्गन्ध निम्त्याउन सक्छ जसले क्षेत्रको जीवन अवस्था बिग्रन सक्छ। यसले दुर्गन्धका कारण सास फेर्न गाह्रो मात्र गर्दैन तर रोग निम्त्याउन र झिंगा र जनावरहरूलाई आकर्षित गर्न सक्छ।
- निर्माण र खानी उद्योगहरूबाट धुलो, बालुवा र बजरी जस्ता कणहरू हावामा निस्कनु पनि वायुमण्डललाई बिगार्ने अर्को माध्यम हो। स-साना कणको उपस्थितिले प्रायः सास फेर्न गाह्रो बनाउँछ र शहरहरूमा धुवाँको निर्माणमा योगदान गर्दछ।
- बाल स्वास्थ्य समस्याहरू वायुमण्डलीय क्षयिकरणको अर्को हानिकारक प्रभाव हो । तपाईंका स-साना बालबालिकाले आफ्नो पहिलो स्वासप्रस्वास नै प्रदुषित वायुमा गर्नुपर्ने हुन्छ जुन तपाईंका बालबालिकाले स्वास्थ्यको लागि हानिकारक छ ।
- गर्भावस्थाको समयमा उच्च वायु प्रदूषण स्तरको जोखिमले गर्भपातका साथै साना शिशुहरूमा समयपूर्व जन्म, अटिजम, दम र स्पेक्ट्रम जस्ता समस्या निम्त्याउँछ।
- यसले बालबालिका र किशोरकिशोरीको प्रारम्भिक मस्तिष्कको विकासलाई बिगार्ने र निमोनिया निम्त्याउने सम्भावना पनि हुन्छ ।
- वायु प्रदूषकहरूको सम्पर्कमा रहेका ठाउँहरूमा बालबालिकाहरूलाई छोटो अवधिको श्वासप्रश्वासको संक्रमणको बढी जोखिम हुन्छ।
- कार्बन डाइअक्साइड प्राथमिक हरितगृह ग्यास हो जसले ग्लोबल वार्मिंगमा योगदान पुऱ्याएको छ। कार्बन डाइअक्साइड अणुले सूर्यबाट इन्फ्रा-रातो विकिरणलाई अवशोषित गर्न र पुनः उत्सर्जन गर्न सक्छ र यसरी वायुमण्डल

भित्रको तापलाई फसाउन सक्छ। जसका कारण सूर्यबाट पृथ्वीमा आएको ताप पुनः फर्कन पाउँदैन र तापमान वृद्धि हुन्छ जसलाई **ग्लोवल वार्मिङ** भनिन्छ । यसरी ग्लोवल वार्मिङ गराउने कार्यमा कार्बन मोनोअक्साईड, मिथेन जस्ता ग्यासहरुको समेत भूमिका हुन्छ ।

- हावामा पाइने विषाक्त रसायनले वन्यजन्तुलाई नयाँ ठाउँमा जान र आफ्नो बासस्थान परिवर्तन गर्न बाध्य पार्न सक्छ। विषाक्त प्रदूषकहरू पानीको सतहमा जम्मा हुन्छन् र यसले पानीमा बस्ने जीवहरूलाई पनि असर गर्न सक्छ।
- वायुमण्डलीय क्षयिकरणको अर्को प्रभाव ओजोन तहको ह्रास हो। ओजोन पृथ्वीको स्ट्र्याटोस्फियरमा अवस्थित छ र मानवलाई हानिकारक पराबैजनी किरणहरूबाट जोगाउन जिम्मेवार छ। वायुमण्डलमा क्लोरोफ्लोरोकार्बन, हाइड्रोक्लोरोफ्लोरोकार्बनको उपस्थितिका कारण पृथ्वीको ओजोन तह घट्दै गएको छ । ओजोन तह पातलो भएपछि यसले पृथ्वीमा हानिकारक किरणहरू उत्सर्जन गर्छ र छाला र आँखा सम्बन्धी समस्याहरू निम्त्याउन सक्छ। पराबैजनी किरणहरूले बालीहरूलाई पनि असर गर्न सक्छ।
- हावामा रहेका सल्फर डाइअक्साइड र नाइट्रोजन अक्साइड कणहरूले अम्ल वर्षा सिर्जना गर्न सक्छ। जब पानी पर्छ, पानी थोपाहरू यी वायु प्रदूषकहरूसँग मिल्छन् र अम्लीय बन्छ, र त्यसपछि अम्ल वर्षाको रूपमा जमिनमा खस्छ। एसिड वर्षाले मानिस, जनावर र बालीमा ठूलो नोक्सान पुऱ्याउन सक्छ। यी वायु प्रदूषकहरू प्रायः कोइलाबाट चल्ने पावर प्लान्टहरू र सवारी साधनहरूबाट आउँछन्।
- जब अम्लीय वर्षा पृथ्वीमा पर्छ, यसले माटोको संरचना परिवर्तन गरेर बिरुवाहरूलाई क्षति पुऱ्याउँछ । नदी, ताल र खोलाहरूमा जलको गुणस्तर घटाउँछ बाली क्षति र भवनहरू र स्मारकहरू क्षय हुन सक्छ।
- हावामा कार्बन मोनोअक्साइड धेरै भएमा स्वासप्रश्वास गर्दा रगतमा हेमोग्लोबिनको मात्रा घटाउँछ र स्वास्थ्यमा असर पुग्छ।
- वायु प्रदूषणको दीर्घकालीन प्रभावहरू वर्षौं वा सम्पूर्ण जीवनभर रहन सक्छन्। जसले मृत्यु पनि हुन सक्छ। वायु प्रदूषणबाट दीर्घकालीन स्वास्थ्य प्रभावहरूमा हृदय रोग, फोक्सोको क्यान्सर, र श्वासप्रश्वाससम्बन्धी रोगहरू छन्। वायु प्रदूषणले मानिसको स्नायु, मस्तिष्क, मृगौला, कलेजो र अन्य अंगहरूमा पनि दीर्घकालीन क्षति पुऱ्याउन सक्छ।

**ध्वनी प्रदुषण**

विभिन्न गतिविधिबाट अनावश्यक आवाज आउनु वा त्यस्ता आवाज आउने माध्यमहरुको संख्या वृद्धि भइ ध्वनीको गुणस्तरमा कमि आउनुलाई ध्वनी प्रदुषण भनिन्छ ।




**असर**

- सुन्न थकान, कान दुखाइ हुन्छ।
- क्रमशः सुन्न सक्ने क्षमतामा कमि हुन्छ ।
- पेट अल्सर, उच्च रक्तचाप, वा चिडचिडापन जस्ता समस्याहरु बढ्छन् ।
- सन्तुलन गुमाउनु, अनिद्रा, बेचैन जस्ता लक्षण देखिन्छ ।

**नेपालका वातावरणीय समस्या र सवालहरु**

- ▶ जलवायु परिवर्तन
- ▶ मानव सृर्जित र प्राकृतिक विपद्

- पर्यावरणीय ह्रास
- हरितगृह ग्यास उत्सर्जन
- वातावरणीय अनियमित र आकस्मिक घटनाहरु (अतिवर्षा, अनावृष्टि, लु, हिमताल फुट्ने)
- उर्जा संकट
- फोहोरमैला व्यवस्थापन

**जलवायु परिवर्तनको कारण**

जलवायु परिवर्तन पृथ्वीको प्राकृतिक प्रक्रिया हो। तर मानवीय क्रियाकलापले जलबायु परिवर्तनको गतिलाई बढाइरहेका छन् । पृथ्वीमा सौर्य विकिरणमार्फत तापशक्ति प्राप्त हुन्छ र यही सौर्य विकिरणका कारण पृथ्वीको वायुमण्डलको तापक्रम सन्तुलन रहन्छ। पृथ्वीले सूर्यबाट जति सौर्य विकिरण प्राप्त गर्दछ त्यति अनुपातमा विकिरण पुनः अन्तरीक्षमा फिर्ता पठाउँछ, जसले गर्दा पृथ्वीको वायुमण्डलको तापक्रम स्थिर रहन्छ र कुनै कारणवश विकिरणको लेनदेनमा घटबढ हुनगई असन्तुलन हुन गएमा पृथ्वीको वायुमण्डलको तापक्रम घटबढ हुन जान्छ र जलवायुमा परिवर्तन आउँछ ।

हाम्रो ग्रह औद्योगिक क्रान्ति सुरु भएयता नै तीव्र गतिमा तात्दै गएको छ। पृथ्वीको सतहको सरदर तापक्रम सन् १८५० यता १.१ डिग्री सेल्सियसले बढेको छ। र पछिल्ला चार दशक हरेक अघिल्लो दशकभन्दा तातो रहँदै आएको छयी इन्धन खपत हुँदा उत्सर्जन हुने हरित गृह प्रभावका कारक ग्रीनहाउस ग्यासले सूर्यबाट प्राप्त हुने तापलाई पृथ्वीमै रोक्छन्।

पृथ्वीको वायुमण्डलमा एउटा ग्रीनहाउस ग्यास कार्बन डाईअक्साइडको मात्रा उन्नाइसौं शताब्दीयता ५० प्रतिशतले र गत दुई दशकमा १२ प्रतिशतले बढेको छ।




**जलवायु परिवर्तनका असरहरु**

- वर्षा प्रणालीमा परिवर्तन हुन जान्छ जसका कारण अतिवृष्टि अनावृष्टि, खण्डवृष्टि जस्ता समस्याहरु देखा पर्छन् ।

- पर्यावरणीय र पारस्थितिक पद्धतिमा असन्तुलन भइ कुनै जीब/बनस्पतिको संख्यामा अस्वभाविक वृद्धि हुन्छ भने कुनैको संख्यामा कमी वा लोप नै पनि हुन सक्छन् ।
- धेरै ठाउँमा तापक्रम वृद्धि हुन्छ । जसका खेतिबाली लगाउने, बोटविरुवा हुर्कने लगायतको समयमा असन्तुलन पैदा हुन्छ ।
- आकस्मिक र प्रकोपका घटनामा वृद्धि हुन्छ, जस्तैः बाढी, पहिरो, आँधी, लु, हावाहुरी आदि ।
- समग्र पारिस्थितिक प्रणालीमा परेको असरका कारण मानवीय जीवनशैलीमा समेत परिवर्तन हुन्छ । जस्तैः दैनीक जीवनमा प्रयोग हुने सामग्रीहरु, कृषिजन्य गतिविधि आदि ।
- जलवायु परिवर्तनले विभिन्न नयाँनयाँ स्वास्थ्य समस्याहरु देखा पर्छ जस्तै आँखा तथा छालाका समस्याहरु, क्यान्सर आदि ।
- जलबायु परिवर्तनले कृषि उत्पादन समेत परिवर्तन ल्याउँछ , कनै ठाउँमा उत्पादन वृद्धि हुन्छ भने कुनै ठाउँका उत्पादनमा कमि हुन्छ ।
- हिमनदिहरु पग्लिके क्रम बढ्दो छ जसका कारण नदि तथा तालहरुमा पानीको सतह बढ्न जाई हिमता फुट्न सक्ने जोखिम रहन्छ । त्यस्तै हिमशृङ्खलाहरुमा मौज्दात रहेको हिउँ पग्लिएर काला पहाडहरु बन्दै गरिरहेका छन् ।
- पानीको सतहमा आएको परिवर्तनले विद्युत उत्पादनमा समेत असर पारेको छ । उर्जाको खपत समेत बढ्दै जाँदा उर्जा संकट निम्तिन सक्ने जोखिम रहेको छ ।

## सत्र ८ वातावरणीय अधिकार र जलवायु न्याय

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई वातावरणीय अधिकार र जलवायु न्यायका बारेमा सु-सुचित गराउनुका साथै युवा तथा बालबालिका केन्द्रित जलवायु न्यायका बारेमा सचेत गराउनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले वातावरणीय अधिकार र जलवायु न्यायका बारेमा सु-सुचित गराउनुका साथै युवा तथा बालबालिका केन्द्रित जलवायु नीति भन्ने विषयमा जानकारी पाउनेछन् ।

**समयः** १ घण्टा ३० मिनेट

**पूर्वतयारीः** बातावरणीय अधिकार र जलवायु न्यायका बारेमा लेखिएको हातेपत्र

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** नाटक छलफल

**क्रियाकलाप**

- सहभागीहरूलाई यस सत्रमा हामी वातावरणीय अधिकार, यसका आयामहरु, र जलवायु न्यायसँग यसको अन्तरसम्बन्धका विषयमा छलफल गर्दैछौं भनी छलफलको सुरुवात गर्नुहोस् ।
- सहभागीलाई तीन वटा समूह बनाउनुहोस् । प्रत्येक समूहलाई वातावरणीय अधिकार, जलवायु न्याय, र यसको अन्तरसम्बन्ध लेखिएको मेटाकार्ड दिनुहोस् ।
- प्रत्येक विषयले के भन्न खोजेको होला समूहमा छलफल गरी प्रस्तुत गर्नका लागि भन्नुहोस् । यसका लागि ५ मिनेटको समय रहेको जानकारी दिनुहोस् ।
- पालैपालो प्रत्येक समूहको प्रस्तुतीकरणका लागि अनुरोध गर्नुहोस् । प्रत्येक समूहको प्रस्तुतीकरणपछि अन्य सहभागीहरूलाई त्यसमा आफ्नो भनाइ वा जिज्ञासा भए राख्नका लागि अनुरोध गर्नुहोस् ।
- अब सहभागीहरूलाई सहभागिहरुलाई वातावरणीय अधीकारका र जलवायु न्यायका सम्बन्धमा थप स्पष्ट गर्नका लागि प्रयेत्क समूहलाई जलवायु न्यायको सम्बन्धमा राष्ट्रिय, अन्तराष्ट्रिय वा स्थानीय विषयमा नाटक गर्नाका लागि विषय दिनुहोस् । सहभागिहरुलाई वातावरणीय अधिकारसँग सम्बन्धित आयाम भल्किने, जलवायु न्याय र युवा तथा बालबालिकाको वातावरणीय अधिकारका सम्बन्धमा नाटक बनाउन समय दिनुहोस् । नाटकको तयारी १० मिनेट र प्रस्तुतिका लागि

प्रत्येक समूहलाई ५ मिनेटको समय रहेको बताउनुहोस् । यसरी नाटक तयार गर्दा अन्तरार्ष्ट्रिय सवालमा गर्दा दुई वा सोभन्दा बढि देशको सवाल, राष्ट्रियमा एक ठाउँ र अर्को ठाउँको र स्थानीयमा जातिय, साँस्कृतिक, धार्मिक, वर्गियरुपमा हुने विविधतालाई आधार बनाउन सकिने बाताउनुहोस् ।

- अन्त्यमा सहभागीहरूको प्रस्तुतीकरण सकिएपछि सहजकर्ताले जलबायु न्याय र वातावरणीय अधिकारको सवालहरुको छोटो छलफल गर्दै सत्रको संक्षेपीकरण गर्दै सत्र अन्त्य गर्नुपर्छ ।

**सन्दर्भ सामग्री १**

**वातावरणीय अधिकार**

प्राकृतिक स्रोतमाथि सबैको सहज पँहुच, स्रोतको समुचित र समतामूलक तथा दिगो उपयोग गर्न पाउनु नै वातावरणीय अधिकार हो ।

**युवा तथा वालबालिकाकको वातावरणीय अधिकार**

पर्यावरणीय स्रोतमाथि कम भार पार्दै भावी सन्ततिको अधिकार संकुचित नहुने कुरामा ध्यान दिंदै युवा तथा बालबालिकाले प्राकृतिक स्रोतको आफ्नो दैनीकी, सहजता, अनुकूलता, मनोरञ्जन लगायतमा विना अवरोध, अभाव वा असहजताका साथ उपयोग गर्न पाउनु नै युवा तथा वालबालिकाको वातावरणीय अधिकार हो ।

| क्र. सं. | युवा तथा बालबालिकाको वातावरणीय अधिकार | |
|---|---|---|
| | के हो? | के होइन? |
| १ | माटोमा खेल्न रमाउन र हुर्किन पाउँनु | जमिनमा जथाभावि फोहोर र जथाभावि खनजोत गर्नु |
| २ | स्वच्छ हावा र वातावरणमा खेल्न र रमाउन पाउनु | जथाभावी आगो र फोहोर बाल्नु |
| ३ | प्राकृतिक स्रोतको दिगो उपयोग गर्न पाउनु (जस्तै जडिबुटि, फलफूल, पानी आदि) | प्राकृतिक स्रोतको अन्दाधुन्द प्रयोग गर्नु (जस्तै पानीको मुहान फोहोर पार्नु, अधिक स्रोतको दोहन गर्नु आदि) |

| | | |
|---|---|---|
| ४. | दुर्गन्धरहित वातावरणमा बस्न र आफ्नो नियमित काम गर्न पाउनु | जथाभावी फोहोरमैला निष्काशन गर्नु । |

**जलवायु न्याय**

जलवायु परीवर्तनको असर विश्वभरीनै सबैतिर परिरहेको छ । तर सबैतिर समान भने छैन । जलबायु परिवर्तनको मानवीय कारण मध्ये विकशीत र विकाशशील देशहरुले गतिविधिको हिस्सा ठुलो छ भने कम विकशीत राष्ट्रहरुको उत्सर्जन नगन्य मात्रामा छ । तर त्यसको विपरित जलवायु परीवर्तनको असर भने कम विकसित राष्ट्रहरुले बढि भोग्नुपरेको छ । त्यसैले जलबायु न्यायले जलवायु परिवर्तनको लाभ र भारको न्यायपूर्ण विभाजन, निष्पक्ष बाँडफाँड र न्यायसंगत वितरणलाई सम्बोधन गर्दछ । जलवायु परिवर्तनसँग जुध्ने साझा जिम्मेवारीहरूलाई सम्बोधन गर्दछ।

**आयामहरु**

- कार्य र बोझ बीचको असमानता
- जिम्मेवारी
- अन्तरपुस्ता समता
- विपन्न समूहहरूमा असमान प्रभाव
- जलवायु उत्पन्न बसाइसराइ

**जलवायु न्याय’को लागि इतिहास**

अन्तर्राष्ट्रिय तहमा जलवायु न्याय सम्बन्धी छलफल संयुक्त राष्ट्र संघको जलवायु सम्बन्धी अभिसन्धी संयन्त्रमा (**UNFCCC)** हुने गर्थ्यो जुन पछि गएर पेरिस सम्झौतामा पुग्यो । सन् १९९२ मा यो अभिसन्धी सुरु भएपछि भएको धेरै जसो छलफल जलवायु परिवर्तनको हानिकारक नतिजासँग अनुकूलन गर्न भन्दा पनि उत्सर्जन घटाउने तर्फ बढि केन्द्रीत हुन्थ्यो ।

भूमण्डलीय तापमान वृद्धिको जिम्मेवारी ’साझा तर फरक जिम्मेवारी तथा क्षमता÷ अन्तर्गत विकसित देशहरूको उत्सर्जन घटाउने दायित्त्वको रुपमा बुझिन्थ्यो । जलवायु न्यायलाई विकसित देशहरूको कम विकसित देशहरूप्रतिको आर्थिक दायित्वको रुपमा हेरिन्थ्यो ता कि कम विकसित देशहरूलाई पनि आ– आफ्नो उत्सर्जन कम गर्ने केही उत्प्रेरणा होस् ।

तर सन् २००७मा बाली सम्मेलन हुँदासम्म जलवायु परिवर्तनको कारण समुद्री सतह वृद्धि भैरहेको र चरम मौसमी घटनाहरू हुन थालिसकेको प्रष्ट भइसकेको थियो । त्यसैले उत्सर्जन न्युनिकरणसँगै अनुकूलनलाई पनि कार्यसूचीमा प्राथमिकतामा राख्न थालियो । सिधा शब्दमा, विकसित देशहरूले जलवायु सम्बोधन गर्न नयाँ वृहत सम्झौता आवश्यक ठानेमा यस्तो सम्झौताले कम विकसित देशहरूलाई सहायताको पर्याप्त सुनिश्चितता प्रदान गर्नुपर्ने हुन्थ्यो । यसमा अमेरिकी डलर १०० अर्बको हरित जलवायु कोशमात्र नभइ तुफान र अन्य जलवायु सम्बन्धीत विपदको “जोखिममा रहेका देशहरूको लागि त्यस्ता क्षति र हानी”को लागि क्षतिपूर्तीको नयाँ ढाँचा पनि पर्थ्यो ।

यस्तो ’क्षति र हानी÷को संरचना सन् २०१५मा पेरिस सम्झौतामा समावेश त भयो तर यो पूर्ण कार्यन्वयन भैसकेको छैन । तर यो संरचनाले जलवायु परिवर्तनबाट भएको हानीको लागि दायित्व वा परिपूरणसमेतको प्रश्न उठाएकाले विवादास्पद थियो । प्रत्यक्ष दायित्व स्थापित गर्न गार्हो त थियो नै साथै यसको विकसित देशहरूले दर्हो विरोध समेत गरे ।

### नेपालका लागि जलवायु न्याय

विकसित र विकासशील देशहरु हरितगृह ग्याँसको बढी उत्सर्जन गरिरहेका छन् भने कम विकासित र साना देधहरुले कम उत्सर्जन गरिरहेका छन् । धेरै नेपाली नागरिकले सरदर ०.३ टन, चिनियाँ नागरिकले ७.७ टन र अमेरिकी नागरिकले १६ टन प्रति वर्षका दरले हरित गृह ग्याँस उत्सर्जन गर्छन् । यसले प्राकृतिक स्रोतमा दोहन र जलवायु परिवर्तनमा विकसित र अल्पविकसित देश तथा नागरिकको योगदान संकेत गर्छ । यति थोरै हरित गृह ग्याँस उत्पादन गर्ने नेपाली नागरिक जलवायु जोखिमको हिसाबले अत्यन्त संकटासन्न भएर जिउनु परेको छ । हरित गृह ग्याँसमा भएको बढोत्तरीका कारणले तापक्रममा अस्वाभाविक वृद्धि र वर्षामा हुने अनियमितताले जीवन र जीविकामा असहजताका साथै विभिन्न जलवायुजन्य विपद्का कारणले जीवन र जीविकोपार्जनका स्रोत नै नष्ट हुने ठूला-ठूला घटना बढ्न थालेका छन् । जलवायु न्यायको सिद्धान्तका आधारमा जलवायु संकटासन्नताको हिसाबले विश्वमा चौथो संकटासन्नताको स्थानमा रहेको नेपालले बढी उत्सर्जन गर्ने देशबाट क्षतिपुर्ति पाउनुपर्ने हुन्छ। त्यस्तै देशभित्र पनि धेरै उत्सर्जन गर्ने व्यावसायिक प्रतिष्ठानले पनि बढी जोखिमका क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ ।

सत्रको निष्कर्ष

- स्वस्छ वातावरणमा हुर्कन र प्राकृतिक स्रोतको सदुपयोग गर्न पाउनु बालबालिका तथा युवाको अधिकार हो ।
- प्राकृतिक स्रोतको उपयोग वातावरणको वर्तमान अवस्थामा नकरात्मक असर नपुगोस भन्ने कुरामा सचेत रहनुपर्छ ।
- जलबायु परिवर्तनको असर सबैतिर एकै किसिमको छैन, नेपाल जस्ता देशहरु जलबायु परिवर्तनका कारण बढि संकटासन्न अवस्थामा छन् ।

**सत्र ९ वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्युनिकरणका उपायहरु**

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्युनिकरणका उपायहरुका बारेमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले सहभागीहरुले जलवायु परिवर्तनका असर न्युनिकरण र वातावरण संरक्षणका सन्दर्भमा स्थानीय क्षेत्रीय राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय रुपमा गर्न सकिने वा गर्नुपर्ने समाधानका उपायहरुका बारेमा जानकारी पाउनेछन् ।

**समयः** २ घण्टा १५ मिनेट

**पूर्वतयारीः** वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरु न्युनिकरणका उपायहरु लेखिएका मेटाकार्ड

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** समूह छलफल

**क्रियाकलाप**

- सहभागीहरूलाई यस सत्रमा वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्युनिकरणका उपायहरु केके हुन सक्छन् भनी छलफल गर्दै छौं भनी जानकारी दिनुहोस् ।
- अब सहभागिहरूलाई गोलो घेरामा बस्नका लागी अनुरोध गर्नुहोस् । उनीहरूलाई सो घेरामा हिड्नका लागि अनुरोध गर्नुहोस् ।
- सहभागीहरू गोलो घेरामा कुद्दै गर्दा आफूले जति जनाको भन्छु त्यतिनै जनाको समूह बन्नुपर्ने बताउनुहोस् । जो कुनै पनि समूहमा पर्दैन ऊ खेलबाट बाहिरिने बताउनुहोस् ।
- अब सहभागीहरूलाई २, ४, ३, ५ गर्दै अन्त्यमा सबै सहभागीहरूलाई गोलो धेरामा बस्नका लागि अनुरोध गर्दै अन्त्यमा ३ वटा समूह हुनेगरी समूह बनाउनुहोस् ।
- अब सहभागीहरूलाई मेटाकार्डमा वातावरण संरक्षणका उपायहरु र जलवायु परीवर्तनका असर न्यूनीकरणका उपायहरु र जलबायु परिवर्तनका असर न्युनीकरणका उपायहरु लेखिएको चिठ्ठा छान्नका लागि दिनुहोस् ।
- अब प्रत्येक समूहलाई आफूलाई परेको विषयमा अध्ययनका लागि हामि नजिकको समूदाय अध्ययन गर्न जादै छौं भनेर जानकारी दिनुहोस् । त्यसपछि सहभागिहरुलाई आफ्नो समूहमा तालिम स्थल वरपर रहेको संरचना, भौगोलिक

अवस्थिति वा वातावरण वर्तमान अवस्थामा मानवीय गतिविधिले के कस्तो असर परिरहेको छ भन्ने अवलोक गरेर सूची तयार पार्नका लागि अनुरोध गर्नुहोस् । यसका लागि स्थानीयसँग छलफल समेत गर्न सकिने बाउनुहोस् ।

- यस्ता असर न्युनिकरणका लागि के गर्नुपर्छ होला भनि आफ्नो समूहमा छलफल गरि सूची तयार गर्नका लागि अनुरोध गर्नुहोस् ।
- प्रत्येक समूहलाई आफुलाई परेको विषयमा १५ मिनेट छलफल गरी बुदागत रुपमा प्रस्तुत गर्नका लागि समय दिनुहोस् ।
- सबै सहभागीहरूको कुरा सुनिसकेपछि सहजकर्ताले हातेपत्रमा भए जस्तै वातावरण संरक्षणका लागी गर्नुपर्ने कुराहरु, जलवायु परिवर्तन न्युनीकरणका उपायहरु र जलबायु परीकवर्तको असरबाट बच्ने उपायहरुका बारेमा छुटेका विषयवस्तुहरु प्रस्तुतीकरण गरी सत्रको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री**

**वातावरण संरक्षणका उपायहरु**

वातावरण संरक्षणमा गरिएका सबै कार्यहरुले सामान्यतया जलवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्नमा पनि योगदान दिन्छन् । वातावरण संरक्षणका लागि गर्न सकिने केहि कार्यहरु यस प्रकार छन् ।

क) वृक्षारोपण र दिगो व्यवस्थापन

ख) नीतिगत र कानुनी प्रवन्ध

ग) भूमि व्यवस्थापन

घ) ढल निकाश व्यवस्थापन

ङ) नदि, पानीका स्रोतहरुको संरक्षण

च) किटनाशक औषधि र रसायनहरुको नियन्त्रित प्रयोग

छ) औद्योगिक  र व्यावसायिक प्रयोजनका लागि वातावरणमैत्री प्रविधीको प्रोत्साहन

**जलवायु परिवर्तनका असर न्युनिकरणका उपायहरु**

क) हरितगृह ग्याँसको उत्सर्जन न्यूनीकरण

हरितगृह ग्याँसहरु (मिथेन, कार्बनडाइ अक्साइड आदि) उत्सर्जन गर्ने प्रविधि, प्रकृया, उत्पादनलाई सम्भव भएसम्म कम गर्दै जानुपर्छ । उदाहरणका लागी खाना पकाउनका लागी गोबरको गुईठाको विकल्पमा सुधारीएको चुल्हो वा विद्युतिय चुल्होको प्रयोग गर्न सक्छ ।

**ख) कार्बन भण्डारण गर्ने विधी तथा वस्तुको दिगो प्रयोग र वन व्यवस्थापन**

जमिनमा हुने कार्बनको करिब ६०% भाग रूखबिरुवामा हुने, तापक्रम नियन्त्रण गर्ने भएकाले बृक्षारोपण र प्रभावकारी वन ब्यवस्थापन कार्बन सञ्चितीकरणका लागि प्रभावकारी हुनसक्दछ । सहभागितामूलक वन ब्यवस्थापन वन विनाशको हालको गति कम गर्न उपयोगि हुन सक्दछ जसबाट वन क्षेत्रबाट हुने कार्बन उत्सर्जन धेरै हदसम्म कम गर्न सकिन्छ । वनमा सञ्चित कार्बनको अन्तर्राष्ट्रिय बजार भएको तथा नेपाल अन्तराष्ट्रिय स्तरमा वन क्षेत्रवाट कार्बन व्यापारका लागि योग्य समेत भैसकेकोल यसको लागि छिट्टै पहल गर्नु जरुरी छ ।

**ख) नवीकरणीय ऊर्जा विकास तथा प्रवर्धन**

जलविद्युत् तथा नवीकरणीय ऊर्जा (विशेष गरी गोबरग्यास र उन्नत चुलोको व्यापक विस्तार) को प्रवर्धन गरी जैवीक तेलको उपयोग घटाउनु आवश्यक छ । यसका लागि स्थानीय र परम्परागत प्रविधिहरू पहिचान गरी उपयुक्त प्रविधिको प्रवर्धन गरी मितब्ययि किसीमले ऊर्जाको प्रयोग गर्नु आवश्यक छ । स्थान र अनुकुलता विशेष सोर्य उर्जा र वायु उर्जाको उपयोगले पनि जलवायु परिवर्तनलाई न्युनीकरण गर्नमा महत्वपुर्ण योगदान पुग्छ ।

**ग) अनुकूलन हुन सक्ने क्षमतामा अभिवृद्धि**

जलवायु परिवर्तनको जोखिम तथा अनिश्चितता कम गर्न त्यसका बारेमा पूर्व जानकारी आदान प्रदान गर्ने कार्य गर्नुपर्दछ । यसका लागि सुरक्षित स्थानमा बसोबासको व्यवस्था, आकस्मिक उद्धार सामग्रीको व्यवस्था, प्राकृतिक प्रकोपको पूर्वसूचना प्रणाली विकास गर्नुका साथै वन व्यवस्थापनमा उपयुक्त प्रविधिहरू र खेती, ऊर्जा उत्पादन समेत अवलम्बन गर्नुपर्छ । जनचेतना विस्तार तथा गरिबी न्यूनीकरणबाट पनि अनुकूलन हुन सक्ने क्षमता बढ्ने भएकाले यस तर्फ पनि ठोस कार्य गर्नु जरुरी छ ।

**घ) संवैधानिक, नीतिगत तथा संस्थागत व्यवस्थाः**

जलवायु परिवर्तनको जोखिमबाट सुरक्षित हुन पाउने नेपाली जनताको अधिकारलाई मौलिक हकका रूपमा स्थापित गर्न संवैधानिक व्यवस्था गर्नु आजको आवश्यकता हो। नेपालमा जलवायु परिवर्तनसम्बन्धी उपयुक्त नीति, कानुन तथा नियमहरू र तिनलाई व्यवहारमा लागू गर्न संस्थागत संरचनासमेत विकसित गरिनुपर्छ । यसका लागि हाल बनाइँदै गरिएको संविधानमा यससम्बन्धी व्यवस्थाका लागि आवश्यक गृहकार्य गर्नु आवश्यक छ । विभिन्न समुदाय तथा संस्थाहरूले सुरु गरेका सिर्जनशील कामहरूको पहिचान गरी तिनको उचित प्रवर्धन र विस्तार गरी मूलधारमा ल्याउने नीति तथा संस्थागत व्यवस्था गर्नुपर्छ । यसरी विकसित गरिएका संस्थाहरूलाई अन्तर्राष्ट्रिय स्तरमा गरिने कार्बन व्यापारमा नियमन, अनुगमन तथा मूल्यांकन गर्न सक्ने गरी सबलीकरण गरिनुपर्छ ।

**ङ) अध्ययन तथा अनुसन्धानः**

जलवायु परिर्वनको प्रभाव न्यूनीकरण तथा अनुकूलनको लागि आवश्यक रणनीति तय गर्न वैज्ञानिक, नीतिनिर्माता, पेशागत सँघसस्था एवँ ब्यक्तिहरुले विस्तृत रुपमा जलवायु परिवर्तनबाट सामाजिका तथा तथा प्राकृतिक प्रणालीमा पर्ने असरका वारेमा अध्ययन अनुसन्धान गर्नु पर्दछ र अध्ययन गरीसके पछि सो को आधारमा उद्योगहरूबाट उत्र्सजन हुने कार्वनडाईअक्साईडको मापदण्ड तय गर्ने जररुरी छ ।

**छ) सरोकारवालाको भूमिका अभिवृद्दि**

जलवायु परिवर्तनबाट सिर्जित समस्या समाधानका लागि पनि विभिन्न स्तरमा रहेका सरोकारवालाहरूले प्रयास गर्नुपर्छ । विभिन्न राष्ट्रिय तथा स्थानीय, गैरसरकारी तथा निजी क्षेत्र सँस्थाहरु विच प्रभावकारी समन्वय र सहकार्यका लागि सवै निकायहरुको भूमिका स्पष्ट पार्नु का साथै उनिहरुको क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ ।

**ज) क्षेत्रगत मूलप्रवाहीकरण गर्ने**

राष्ट्रिय तथा स्थानीय स्तरमा जलवायु परिवर्तनका न्यूनीकरण तथा अनुकूलनका कार्यहरू सहजीकरणगर्नका लागि क्षेत्रगत योजनाहरू (जस्तै—वन, जलस्रोत, यातायात, कृषि, उद्योग सम्बन्धी योजना वा गुरु योजना) जलवायु परिवर्तनका सवालहरुलाई समावेश गर्नु पर्दछ। विभिन्न स्तरका सरोकारवाला निकायहरु विच त्यस्ता क्षेत्रगत कार्यक्रमहरु सँचालन गर्न समन्वय तथा सहकार्य पनि उत्तिकै जरुरी छ ।

**जलवायु परिवर्तनका अनुकुलनका उपायहरु**

▶ **नीतिगत सुधार र कार्यान्वयन**

जलबायु परिवर्तनको असर सम्बोधन हुने किसिमको ऐन, नीति, नियम तयार गरि कार्यान्वयन गर्नुपर्छ । जस्तैः हिमाली जिल्लाहरुमा माटोको छाना प्रतिष्थापन गर्ने नीति अवलम्बन गर्न सकिन्छ ।

▶ **जोखिम नक्साङ्कन र अनुकुलन योजना तयारी/कार्यान्वयन**

जोखिम समुदाय, क्षेत्र र समूहको पहिचान गरि जोखिम नक्साङ्कन गरि प्राथमिकिकरण गर्नुपर्छ । सोहि अनुसार अनुकुलनको योजना तयारि गरि आवश्यक बजेट समेत व्यवस्थापन गरि कार्यान्वन गर्ने गर्नुपर्छ ।

▶ **नविकरणीय उर्जा**

उर्जा संकट र अभावलाई सम्बोधन गर्न जैवीक उर्जाको विकल्पमा नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गर्न सकिन्छ ।

▶ **उर्जा किफायति प्रणालीको विकास र प्रयोग**

उर्जा संकटबाट बच्नका लागि उर्जा किफायति प्रविधीको प्रयोगलाई प्राथमिकता दिने जस्तै कम विजुली खपत गर्ने विद्युतिय सामग्री, सवारी साधन आदिको प्रयोग गर्ने ।

▶ **वैकल्पिक जीविकोपार्जनका उपायहरुको पहिचान र कार्यन्वयन**

जलवायु परिवर्तनबाट बढि प्रभावित समुदाय पहिचान गरी त्यस्ता समुदायलाई जीविकोपार्जनका लागि अन्य सिपमूलक तथा प्राविधिक व्यवसाय गर्न सहुलियत र प्रोत्साहन दिन सकिन्छ । जस्तै माछा मारेर जीविकोपार्जन गर्ने परिवारले माछा पाउनै छोडेमा सहुलियत र आवश्यक तालिम दियर पोखरी वा फार्म बनाई व्यवसायिक माछापालनको लागि सहयोग गर्न सकिन्छ ।

▶ **जनचेतना अभिवृद्धि र प्रकोप पुर्व तयारी प्रणाली**

जलवायु उत्पन्न प्रकोप तथा विपत्तिको बारेमा जानकारी तथा सचेतना अभिवृद्धि र सम्भावित विपद्को जानकारी समयमानै, सहज र सरल माध्यममा उपलब्ध गराउनुपर्छ । जस्तैः बाढीको जोखिम भएको बस्तिमा पुर्व सूचना साइरनको व्यवस्था गर्ने ।

▶ **बाली लगाउने प्रणालीमा परिवर्तन र जलवायु प्रतिरोधी बालीको प्रयोग**

जलवायुको परिवर्तनको असरका कारणले उत्पादन कमी भएमा वा सिंचाईको अभाव भएमा सो हि वातावरणमा हुर्कने बाली लगाउने गर्न सकिन्छ ।

▶ **अनुकुलन कोष/पुर्वतयारी**

भैपरी आउने जोखिमलाई न्युनिकरण गर्न र अनुकुलनको योजना तयार गर्ने, कार्यान्वयनका लागि आवश्यक रकमको जोहो गर्ने सातै सो का लागी आवश्यक जनशक्ति तथा प्रविधिको समेत पुर्वतयारी गर्नुपर्छ ।

▶ **प्रविधिको विकास र विस्तार**

वातावरणमैत्री तथा जलवायु मितव्ययि प्रविधिको विकास र विस्तार गर्नुपर्छ । स्थानीय, प्रादेशिक र संघिय सरकारले सो का लागी आवश्यक नीतिगत कानुनी र प्राविधिक तथा आर्थिक व्यवस्थापन गर्नुपर्छ ।

## सत्रको निष्कर्ष

- वातावरण संरक्षणका लागि विकास निर्माणका कार्यमा दिगो र वातावरण मैत्री प्रकृया अप्नायर गरेमा वातावरण संरक्षणमा योगदान पुग्न जान्छ ।
- जलवायु परिवर्तनको असरबाट बच्नका लागी न्युनिकरण र अनुकुलनका उपायहरुलाई सँगसँगै लैजान जरुरी छ ।
- जलबायु परिवर्तनको असरबाट बच्नका लागी एकल प्रयास न्युन प्रभावकारी हुने हुँदा सामुहिक पहलकदमी लिन जरुरी छ ।

## सत्र १० वातावरण केन्द्रित योजना तर्जुमा प्रकृयामा युवा तथा वालसहभागिता

उद्देश्यः यस सत्रको उद्देश्य सहभागीहरूलाई वातावरण केन्द्रित योजना तर्जुमा प्रकृयामा युवा तथा वालबालिकाको सहभागिता किन र कसरि सुनिश्चित गर्ने र कस्ता कस्ता सवालहरु महत्वपुर्ण हुन्छ भन्ने विषयमा जानकारी दिनु हुनेछ ।

अपेक्षित उपलब्धिः यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले वातावरण केन्द्रित योजना तर्जुमा प्रकृयामा युवा तथा वालबालिकाको सहभागिता किन र कसरि सुनिश्चित गर्ने र कस्ता कस्ता सवालहरु महत्वपुर्ण हुन्छ भन्ने विषयमा जानकारी जानकारी पाउनेछन् ।

समयः १ घण्टा ३० मिनेट

पूर्वतयारीः वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरु न्युनिकरणका उपायहरु लेखिएका मेटाकार्ड

आवश्यक सामग्रीः चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

विधिः समूह कार्य

क्रियाकलाप

- सहभागीहरूलाई यस सत्रमा वातावरण केन्द्रित योजना तर्जुमा प्रकृयामा युवा तथा बालबालिकाको सहभागिता किन र कसरी गर्ने भन्ने छलफल गर्दै छौ भनि जानकारी दिनुहोस् ।
- अब सात जना सहभागिहरूलाई योजना तर्जुमाका सात चरणहरु लेखिएको कार्ड दिनुहोस् ।
- बाकी सहभागिहरुलाई युवा/बाल सहभागिता कहाँ कहाँ हुन्छ र कसरी हुन्छ मेटाकार्डमा लेख्नका लागि अनुरोध गर्नहोस् ।
- सहजकर्ताले सहभागिहरुलाई योजना तर्जुमाको चरणहरुलाई क्रमवद्ध रुपमा टाँस गर्न अनुरोध गर्नुहोस् । अन्य सहभागिहरुलाई कुन चरणमा कसरि युवा/बाल सहभागिता हुन सक्छ, जुन सहभागिहरुले मेटाकार्डमा टिपेका छन्, भन्ने कुरा प्रत्येक चरणको साइडमा राख्नका लागि भन्नुहोस् ।
- सबै सहभागिहरुले टाँसिसकेपछि सहजकर्ताले चरणहरुको क्रम मिले नमिलेको रुजु गरि प्रत्येक चरणमा गर्नुपर्ने कुराहरुको बारेमा छलफल गर्नुपर्छ ।
- यसरी छलफल गर्दा प्रत्येक कुन चरणमा कसरी युवा र बाल सहभागिता सुनिश्चित गर्न सकिन्छ र हाम्रो भूमिका कस्तो हुन्छ भन्ने विषयमा छलफल गरि सत्रको अन्त्य गर्नुहोस् ।

## सन्दर्भ सामग्री




### वातावरण केन्द्रित युवा तथा बालबालिकाको सवालहरु

- सरसफाई र स्वास्थ्य
- स्वच्छ ऊर्जाको प्रयोग
- हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन
- वर्षातको पानीको सङ्कलन तथा भण्डारण
- स्वच्छ पिउने पानी समुदाय र विद्यालयमा
- प्लास्टिकको समाग्रीको प्रतिस्थापन
- वातावरणीय सुशासन प्रवर्द्धन
- ध्वनी प्रदूषण नियन्त्रण
- खानेपानीका मुहान तथा स्रोतको संरक्षण
- ताल, पोखरी क्षेत्रको संरक्षण र व्यवस्थापन
- प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन
- वातावरण मैत्री पार्कको व्यवस्था

# सत्र ११ हाम्रो भूमिका

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूले बालबालिका र युवाहरुले वातावरण संरक्षण र जलवायु परिवर्तनको असरबाट बच्नका लागि खेल्न सक्ने भूमिकाका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले वातावरण संरक्षणमा बालबालिका तथा युवाको भूमिकाका बारेमा जानकारी भूमिकाका बारेमा जानकारी पाउनेछन् ।

**समयः** १ घण्टा ३० मिनेट

**पूर्वतयारीः** वातवरण संरक्षणमा बालबालिका तथा युवाले खेल्न सक्ने भूमिकाहरु लेखिएको हातेपत्र ।

**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड


**विधिः** समूह छलफल, प्रस्तुतीकरण

**क्रियाकलाप**

- यस सत्रमा सहभागीहरूलाई वातावरण संरक्षणमा हाम्रो भूमिकाका बारेमा छलफल गर्दैछौँ भनेर जानकारी दिनुहोस् ।
- सहभागीहरूलाई तपाईको स्थानीय तहमा वातावरणको प्रमुख १० र १० वटा सवालहरू के– के होलान् आफूलाई लागेको लेख्नका लागि अनुरोध गर्नुहोस् । जसका लागि ५ मिनेटको समय दिनुहोस् ।
- अब सहभागीहरूलाई आफ्नो नजिकमा रहेका ३/३ जनाको समूह बन्न भन्नुहोस् र सबैको भनाइहरूलाई एककृत गरेर तयार गर्नका लागि भन्नुहोस् ।
- यसरी तयार गरिएको सूचीबाट समूहमा छलफल गरी सबैभन्दा महङ्खवपूर्ण लागेका १० वटा सवालहरूलाई प्राथमिकीकरण गरी प्रस्तुतीकरण गर्नका लागि अनुरोध गर्नुहोस् ।
- सबै समूहको प्रस्तुतीकरण गरिसकेपछि सहजकर्ताले सहभागीहरूलाई वातावरण संरक्षण एक वृहत र बहूपक्षीय विषय हो जसलाई संरक्षण गर्नका लागि सबै सरोकारवालाको एकतृत भूमिका हुनुपर्ने कुरा जानकारी गराउनुहोस् ।
- अब प्रत्येक समूहलाई युवा क्लब, बाल क्लब र युवा तथा बालबालिकाकाको भूमिका के के हुन्छ समूहमा छलफल गरी प्रस्तुतिकरणका लागि अनुरोध गर्नुहोस् ।

- सबै समुहको प्रस्तुतिकरण पछी छुटेको विषय भए सहजकर्ताले थप गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

**सन्दर्भ सामग्री**




**राम्रो नीति बनाउन दबाव दिने**

- स्थानीय, प्रादेशिक तथा संधिय सरकारकालाई वातावरण संरक्सण रजलबायु परिवर्तनका विषयलाई समेट्दै उपयुक्त ऐन, कानुन, नीति, कार्यक्रम र बजेट सुनिश्चित गर्नका लागी बहस, पैरभि र वकालत बढाउने ।

**सामुहिक सचेतका अभिवृद्धि**

- समुदायमा प्राकृतिक स्रोतहरुको दिगो प्रयोग, वातावरण संरक्षण गर्नुपर्ने कारण र जलवायु परिवर्तनको असरबाट बच्नका लागि गर्नुपर्ने कार्यहरुका बारेमा सचेतना अभिवृद्धि गर्ने ।

**संस्थागत कार्यक्रम र योजनाका लागि पहल गर्ने**

युवा क्लब, बाल क्लब तथा स्थानीय संघ संस्थामार्फत सामुहिक कार्यक्रम तय गरेर एकतृत रुपमा काम गर्नका लागि पहल गर्ने । जस्तै सामुदिक वृक्षारोपण कार्यक्रम, रिचार्ज पोखारीको निर्माण आदि ।

**अभियानहरुको नेतृत्व गर्ने /सहभागिता जनाउने**

वातावरण संरक्षणका अभुयानहरु जस्तैः वृक्षारोपण, फोहोरमैला व्यवस्थापन, सामुदायिक सरसफाइ, सचेतना अभियान आदि मा नेतृत्वदायि भूमिका खेल्ने ।

### वहस, पैरवी र वकालत

वातावरण बढी प्रदुषण गर्ने उद्योग कल कारखाना वा व्यवसायलाई सचेत गराउने साथै उनीहरुको वातावरण संरक्षणका कार्यमा सहभागीता बढाउनका लागी स्थानीय स्तरमा बहस पैरवी र वकालत गर्न सकिन्छ । साथै स्थानीय, प्रादेशिक र संघिय सरकारको भूमिका बढाउनका लागी सकारात्मक दवाब सृजना गर्न सकिन्छ ।

### व्यक्तिगत आचरण र व्यवहार परिवर्तन

आफूले दैनीक रुपमा गरिरहेको कार्यहरुलाई वातावरणमैत्री तथा जलवायुमैत्री बनाउनका लागि व्यवहार परिवर्तन गर्ने जस्तैः

- ▶ पानीको खेर नफाल्ने, कुहिने र नकुहने फोहोर छुटयाउने आदि ।
- ▶ एयर कन्डिसनर र पंखाको विकल्पमा झ्याल ढोका खुल्ला राख्ने ।
- ▶ दाउरा र गुइँठाको विकल्पमा सुधारियको चुल्हो, गोबर जयाँस वा विद्युतिय चुल्होको प्रयोग ।
- ▶ फोटोकपी, प्रिन्ट फ्लेक्सको प्रयोग सकेसम्म कम गर्ने ।
- ▶ सामान खरिद गर्दा प्लास्टिकको झोलाको सट्टा आफै घरबाट झोला लियर जाने।
- ▶ सानो दुरिको यात्रा पैदल नै गर्ने ।
- ▶ एक्लै सवारीमा जादाँ लिफ्ट दिने । सकेसम्म सार्वजनीक यातायातको प्रयोग गर्ने।

### दिगो फोहोरमैला व्यवस्थापन

कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रिय गर्नुहोस्। हामीले दैनिक उत्पादन गर्ने फोहोरको मात्रा घटाउनका लागि स्रोत तथा संसाधनहरूको सचेत तथा उचित उपयोगलाई बढावा दिन महत्त्वपूर्ण छ।

कम प्रयोगः हामीले वास्तवमै चाहिने भन्दा बढी सामाग्री उपभोग गर्नु हुँदैन। यसका साथै, हामीले एक-पटक मात्रै प्रयोगमा आई खेर जाने सामाग्रीको उत्पादन संख्या घटाउनु पर्दछ।

पुनः प्रयोगः पुनः प्रयोग गर्नु भनेको सामाग्रीहरूलाई फ्याँक्नु अघि फेरि उही वा अर्को प्रयोजनको लागि प्रयोगमा ल्याउनु हो। यसो गर्दा हाम्रो फोहोरको मात्रा कम हुन जान्छ।

पुनः चक्रः प्रयोग गरिएको सामग्रीलाई प्रशोधन गरी नयाँ काम गर्न सक्ने उत्पादनहरूमा परिवर्तन गरी प्रयोग गर्ने तरिका पुनः चक्रियकरण हो

**सत्रको निष्कर्ष**

- वातावरण संरक्षण युवा तता बालबालिकाको पनि सामुहिक दायित्व हो ।
- हामीले गरेको सामान्य योगदानले वातावरण संरक्षणमा महत्वपूर्ण योगदान दिन्छ ।
- जलवायु परिवर्तनलाई रोक्न नसकियपनि यसको असर न्युनीकरण गर्न सकिन्छ ।

# खण्ड ग

# समापन औपचारिकता

## सत्र १२ कार्ययोजना

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई कार्ययोजना निमार्ण कसरी गर्ने भन्ने विषयमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले कार्ययोजना कसरी निमार्ण गर्ने भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समयः** १ घण्टा

**पूर्वतयारीः** कार्य योजनाकाको कार्यान्वयनका लागि उपयुक्त समूह विभाजनको सूची

आवश्यक सामग्रीः चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधि समूह** कार्य

**क्रियाकलाप**

अब हामी तालीमको अन्तिममा आइपुगेका छौं अहिलेसम्म तालीममा कुनै गुनासो, जिज्ञासा वा छलफलका विषय भए सोध्नका लागि समय उपलब्ध गराउनुहोस् ।

अब हामी कार्ययोजना निर्माण गर्न गइरहेका छौं भनी नमूना कार्ययोजना प्रस्तुत गर्नुहोस् । साथै कार्ययोजना निर्माणका लागि ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्नुहोस् ।

त्यसपछि सहजकर्ताले आवश्यकता अनुसार एउटै कार्यालय, स्थान वा तालीमको सन्दर्भ अनुसार समूह विभाजन गरी कार्ययोजना निर्माणका लागि अनुरोध गर्नुपर्छ । कार्ययोजना तयारीका लागि ३० मिनेटको समय भएको जानकारी दिनुहोस् ।

सबै समूहको सकिएपछि प्रस्तुतीकरण र छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।  सन्दर्भ सामग्री

| क्र. स. | क्रियाकलाप | बजेट | जिम्मेवारी | | | समय सिमा |
|---|---|---|---|---|---|---|
| | | | कार्यान्वयन | समन्वय | सहयोग | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## सत्र १३ तालिम पश्चातको परीक्षण

उद्देश्यः तालीमको प्रभावकारिता परीक्षण गर्नु ।

अपेक्षित उपलब्धिः तालीमको प्रभावकारिताको बारेमा जानकारी हासिल हुनेछ ।

समयः १० मिनेट

पूर्व तयारीः सहजकर्ताले तालीम पश्चातको परीक्षण प्रश्नावली पहिले नै सबै सहभागीहरूलाई पुग्ने गरी तयारी गरी राख्नु पर्नेछ ।

विधिः प्रश्नोत्तर

क्रियाकलापः

- सबै सहभागीहरूलाई सहजीकरण पुस्तिकामा भएजस्तै तालीम पश्चातको परीक्षणका प्रश्नहरू वितरण गर्नुहोस् ।
- सहभागीहरूलाई प्रश्नपत्रको माथि आफूले सुरुको दिनमा राखेको संकेत वा चिन्ह राख्न भन्नुहोस् ।

तालीम पश्चातको परीक्षणका लागि प्रश्नहरु

## सत्र १४ समग्र तालीमको पुनरावलोकन तथा मूल्याङ्कन र समापन

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई तालीमको पुनरावलोकन तथा मुल्याङ्कनका बारेमा जानकारी दिनुहुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले तालीमको पुनरावलोकन र मुल्याङ्कन बारेको जानकारी पाउनेछन् ।

**समयः** २० मिनेट

**पूर्व तयारीः** मुटु आकारमा काटिएको मेटाकार्ड

आवश्यक सामग्रीः चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड

**विधिः** लेखन

**क्रियाकलाप**

- यस सत्रमा सहजकर्ताले तालीमको पुनरावलोकन र मूल्याङ्कन गर्न लागिएको जानकारी दिनुहोस् ।
- त्यसपछि सहजकर्ताले मुटु आकारमा पहिले नै काटेर राखिएको मेटाकार्ड उपलब्ध गराउनुहोस् ।
- अब सहभागीहरूलाई उक्त मुटुको दायाँतिर यस तालीमपछि आफूले सिकेको आफूलाई महत्त्वपूर्ण लागेको कुनै ३ वटा कुराहरू लेख्नका लागि अनुरोध गर्नुहोस् । त्यस्तै बायाँतिर यस तालीमपछिको आफ्नो १ वटा प्रतिवद्धता लेख्नका लागि अनुरोध गर्नुहोस् । यसका लागि ५ मिनेटको समय रहेको जानकारी गराउनुहोस् ।
- सहभागीहरूको सबैले लेखिसकेपछि सहजकर्ताले सबै मेटाकार्ड जम्मा गर्नुहोस् ।
- अब सहजकर्ताले तालीम मूल्याङ्कन फारम र तालीम पश्चातको परीक्षण पत्र दिनुहोस् र यसका लागि १० मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- तालीममा सहजर्ताले कम्तिमा १ जना महिला, १ जना पुरूष र १ जना अन्य (आफ्नो पहिचान खुलाउन चाहने भएमा मात्र) तालीमको बारेमा प्रतिक्रिया वा आफ्नो भनाइ राख्ने अवसर दिनुपर्छ । (आयोजकले औपचारिक समापन राखेको पनि हुन सक्छ । सोहि कार्यक्रममा पनि सहभागीको भनाइ राख्न सकिन्छ ।)

- अन्त्यमा सबैलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्दै तालीमको औपचारिक अन्त्यका लागि आयोजकलाई  समय उपलब्घ गराउँदै विदा लिनुपर्छ ।
- आयोजकले तालीमको औपचारिक समापन गर्न सक्नेछन् ।

## सन्दर्भ सामग्री सूची


वातावरण संरक्षण ऐन २०७६ र निमावली २०७७, नेपाल सरकार ।

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ।

जलवायु परीवर्तन सम्बन्धि राष्ट्रिय नीति २०७६ ।

बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार ।

वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय प्रारुप २०७८, नेपाल सरकार सिंहदरबार, काठमाडौं ।

नेपालको संविधान, नेपाल सरकार ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४, नेपाल सरकार ।

सुरक्षा परिषद्को १६१२ घोषणा , संयुक्त राष्ट्र संघ ।

बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९, संयुक्त राष्ट्र संघ ।

दक्षिण एसिया बालकल्याण प्रर्वद्ध्रनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, सन् २००२, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन ।

दिगो विकास लक्ष्य, सन् २०१५, संयुक्त राष्ट्र संघ ।

Accesed from https://www.unicef.org/ on 04/01/2021.

Accesed from https://www.thethirdpole.net/ on 04/01/2021.

Accesed from https://www.onlinekhabar.com/ on 04/01/2021.

Accesed from https://quatest2.com.vn/ 04/01/2021.

Accesed from https://madreshoy.com/ 04/01/2021.

Accesed from https://peeda.net/ 04/01/2021.